# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १९८ | काठमाडौं | बिहीबार, २९ कात्तिक २०८१ | Prabhab National Daily | Thursday, November 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com



**विश्वकपमा ऐतिहासिक यात्रा**

सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट भएपछि सामूहिक तस्बिरमा नेपाली यु–१९ महिला क्रिकेट टोली । युएईमा भएको आइसिसी यु–१९ महिला टि–२० विश्वकपको एसिया छनोटको अन्तिम खेलमा बुधबार युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको हो । यु–१९ महिला टि–२० विश्वकपमा नेपाल पहिलोपटक छनोट भएको हो ।
(थप समाचार पृष्ठ ६ मा)
*तस्बिरः क्यान*

### डेडिकेटेड–ट्रंकलाइन महसुल विवाद

कुलमानको दाबी–

# बक्यौता नतिर्ने उद्योगीले ‘इमोसनल ब्ल्याकमेलिङ’ गरे

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले ‘डेडिकेटेड फिडर’ र ‘ट्रंकलाइन’को बक्यौता १५ दिनभित्र नतिरे कानुनअनुसार उद्योगहरूको लाइन काट्ने चेतावनी दिएका छन् । बक्यौता नउठाइ मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार उद्योगहरूमा लाइन जोड्नु परेपछि असन्तुष्ट देखिएका घिसिङले बारम्बार उद्योगीहरूलाई मौका नदिइने प्रस्ट पारे ।

‘सरकारले गरेको निर्णयलाई मान्नु प्राधिकरणको कर्तव्य हो । हामीले कानुनबमोजिम लाइन काटेको भए पनि सरकारले जोड्नू भन्यो, हामीले मान्यौं,’ बुधबार प्राधिकरणमा पत्रकार सम्मेलन गर्दै उनले भने, ‘अब सरकारको निर्देशनअनुरूप १५ दिनमा फेरि उद्योगको बक्यौता उठेन भने प्रक्रिया अनुसार अघि बढ्छौं ।’

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले १५ दिनभित्र बक्यौता उठाउने र २४ घण्टाभित्र काटिएका उद्योगहरूमा लाइन जोड्ने निर्णय गरेको थियो । यसपछि मंगलबार ऊर्जामन्त्री दीपक खड्काको अध्यक्षतामा बसेको प्राधिकरणको बोर्ड बैठकले पनि लाइन जोड्ने निर्णय गर्‍यो । अन्ततः बक्यौता



- १५ दिनभित्र उद्योगीहरूले बक्यौता नतिरे लाइन फेरि काट्ने चेतावनी
- बक्यौता नउठे त्यसको जिम्मा सरकार र ऊर्जा मन्त्रालयले लिनुपर्ने भनाइ
- यसअघि पठाएकै बिल आधिकारिक भएको र सोहीअनुसार बक्यौता चुक्ता गर्नुपर्ने अडान
- उद्योगीहरूले बक्यौतालाई लिएर राजनीतिकरण गरेको आरोप
- विद्युत् लाइन काटेर उद्योगमैत्री वातावरण बिगारेको आरोपको
- बक्यौता उठाउन नसके प्राधिकरण धराशायी बन्ने चेतावनी

नतिरेका उद्योगहरूमा लाइन जोड्न प्राधिकरण बाध्य भयो । यसलाई लिएर प्रबन्ध निर्देशक घिसिङले यदि १५ दिनभित्र बक्यौता नउठे त्यसको जिम्मा सरकार र ऊर्जा मन्त्रालयले लिनुपर्ने बताए ।

‘हामीलाई सरकारले २४ घण्टाभित्र लाइन जोड्न निर्देशन दिएपछि लाइन काटिएका उद्योगमा पुनः लाइन जोडेका हौं । सरकारले १५ दिनभित्र बक्यौता उठाउने भनेको छ । तर, बक्यौता समयसीमाभित्र उठेन भने त्यसको जिम्मेवारी सरकार र ऊर्जा मन्त्रालयले नै लिनुपर्छ,’ घिसिङले भने ।

बक्यौताबारे सरकारले टाइम अफ डे (टिओडी) मिटरको बिल उद्योगहरूमा पठाउने र त्यसको आधारमा उठाउने निर्णय गरेको छ । घिसिङले भने पहिल्यै टिओडी मिटरकै आधारमा बिल पठाएको र त्यसकै आधारमा बक्यौता उठाउने अडान दोहोर्‍याए । उद्योगी र प्राधिकरणबीच बिलको बारेमा विवाद उत्पन्न भएपछि विद्युत् नियमन आयोगले बिललाई स्वीकृत गरेको र सर्वोच्च अदालतले पनि पटक–पटक बिललाई मान्यता दिनेगरी फैसला गरेकाले अर्को बिल उद्योगीलाई नपठाउने बताए । उनले पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको आयोग र आयोगको प्रतिवेदनको कार्यान्वयन गर्ने क्रममा मन्त्रिपरिषद् र प्राधिकरणको बोर्ड बैठकले गरेको निर्णयलाई चुनौती दिए ।

(क्रमशः पृष्ठ २ मा)

### सिआइबीसँग धनराजको बयान

# ‘ज्योतीलाई सहकारीमा जागिर लगाउनु नै अभिशाप भयो’

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका उपसभापति एवं प्रतिनिधिसभा सदस्य धनराज गुरुङले प्रहरीसँग आफू र ज्योती गुरुङबीचको सम्बन्धविच्छेद् (डिभोर्स) कागजीमात्र नभइ सक्कली नै भएको बताएका छन् । ‘ललितपुर जिल्ला अदालतबाट २०७६ साल फागुन २९ गते हाम्रो सम्बन्धविच्छेद् भएको हो । सम्बन्ध विच्छेद् नक्कली होइन,’ सहकारी ठगी प्रकरणबारे बुधबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले लिएको बयानका क्रममा उपसभापति गुरुङले भने ।

सहकारी ठगी प्रकरणमा मुछिएपछि सरकार र उनको पार्टी कांग्रेसले गुरुङलाई जोगाउँदै आएको आरोप छ । कागजी सम्बन्धविच्छेद् गरी गुरुङले सहकारीको रकम अपचलन गरेको आरोप लागेपछि उनलाई बयानमा बोलाएको सिआइबीका प्रमुख एसपी होबिन्द्र बोगटीले बताए ।

ललितपुरको मितेरी सहकारीको रकम अपचलन गरेकी

- सहकारी ठगी प्रकरणमा मुछिएका कांग्रेस उपसभापति धनराज गुरूङसँग सिआइबीले लियो बयान
- पूर्वश्रीमती ज्योतीसँगको सम्बन्धविच्छेद् नक्कली नभएको गुरूङको भनाइ
- आर्थिक अवस्था सुधार्न सहकारीमा जागिर लगाएपछि आफ्नो दुःखको दिन सुरू भएको दाबी



उनकी श्रीमती ज्योती भने फरार छिन् । प्रहरीले ज्योतीसहित र बर्दिया घर भएका ज्योतीबहादुर भण्डारीविरुद्ध रेड कर्नर नोटिस जारी गरेको छ । गुरुङ र भण्डारीले मितेरीको तीन करोड ४४ लाख रूपैयाँ अपचलन गरेको प्रहरीको प्रारम्भिक निष्कर्ष छ ।

सहकारी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ परेसँगै धनराजलाई पक्राउ गर्न दबाब परेको थियो । यद्यपि, उनलाई कसैले जाहेरी नदिएको भन्दै प्रहरी पछाडि हट्दै आएको थियो । बुधबार भने सिआइबीले लाजिम्पाट बोलाएर बयान लिएको बोगटीले बताए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोपको मागपत्र प्रमाणीकरणमा आलटाल, बिचौलिया र कन्सल्टेन्सीलाई मालामाल

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि वैकल्पिक गन्तव्य मानिएको युरोपेली मुलुकबाट आएको मागपत्र प्रमाणीकरण नहुँदा बिचौलियाको रजगज बढेको व्यवसायीहरूले गुनासो गरेका छन् । वैदेशिक रोजगार व्यवसायीहरूले आफ्नै खर्चमा बजार प्रवर्द्धन गरी युरोपका विभिन्न मुलुकबाट ल्याएको मागपत्र प्रमाणीकरण नहुँदा त्यसको फाइदा व्यक्तिगतरूपमा बिचौलिया र एजुकेसन कन्सल्टेन्सीहरूले लिएको उनीहरूको गुनासो छ ।

पछिल्लो डेढ वर्षदेखि म्यानपावर व्यवसायीहरूले युरोपका विभिन्न देशबाट कामदारको मागपत्र प्राप्त गरे पनि सम्बन्धित मुलुकमा नेपाली दूतावास वा कूटनीतिक नियोग नभएको कारण मागपत्र प्रमाणीकरण गर्न नपाई संस्थागतरूपमा कामदार पठाउन सकेका छैनन् । तर, एक वर्षको अवधिमा नयाँ र पुनः श्रम स्वीकृति लिएर ५० हजारभन्दा बढी नेपाली रोजगारीका लागि युरोपेली मुलुक पुगेको सरकारी तथ्यांकले देखाएको छ । जसमा नयाँ श्रम स्वीकृति लिएर जानेहरू ३३ हजार ६४७ जना रहेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार म्यानपावरबाट संस्थागत रूपमा श्रम स्वीकृति लिएर जाने नेपालीहरूको संख्याभन्दा व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या झण्डै दोब्बर छ ।



> सरकारको कमजोरीका कारण व्यवसायीले युरोपका विभिन्न मुलुकबाट ल्याएको मागपत्र प्रमाणीकरण हुन सकेको छैन । यसको फाइदा बिचौलया र कन्सल्टेन्सीले उठाइरहेका छन्, उनीहरूको रजाइँ चलेको छ ।
>
> ■ **राजेन्द्र भण्डारी**
> **अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

यस्तो हुनुमा सरकारको कमजोरी रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । ‘सरकारको कमजोरीका कारण व्यवसायीले युरोपका विभिन्न मुलुकबाट ल्याएको मागपत्र प्रमाणीकरण हुन सकेको छैन,’ उनले भने, ‘यसको फाइदा बिचौलया र कन्सल्टेन्सीले उठाइरहेका छन्, उनीहरूको रजाइँ चलेको छ ।’

व्यवसायीहरूले संस्थागतरूपमा पठाउन नपाउँदा बिचौलिया र कन्सल्टेन्सीहरूले अनेक उपाय लगाएर व्यक्तिगत श्रम स्वीकृति दिलाउने, भिजिट भिसामार्फत युएईलगायतका देशमा पुर्‍याएर नेपाली नागरिकलाई युरोपेली मुलुकहरूमा पठाउने गरेको अध्यक्ष भण्डारीले बताए । ‘हामीले युरोपमा रोजगारीको अवसर छ, मागपत्र ल्याएका छौं भन्दापनि पठाउन पाइएको छैन,’ उनले भने, ‘तर अनुगमन नियमनकारी निकायले कडाइ नगर्दा बिचौलियालाई कतै रोकतोक छैन, युरोपको रोजगारीको प्रलोभन देखाएर अस्वाभाविक रकम लिई व्यक्तिगत श्रम स्वीकृति लिन लगाएर मान्छे पठाइरहेका छन् ।’

व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीका लागि जान पाइने भए पनि युरोपमा जाने नेपालीहरूको संख्या बढी नै रहेका कारण प्राकृतिक मान्न नसकिने संघका महासचिव मेघनाथ भुर्तेलले बताए । ‘भिजिट भिसाको नाममा, व्यक्तिगत श्रम स्वीकृतिको नाममा जे जति मान्छे युरोप गइरहेका छन् उनीहरू बिचौलियाकै माध्यमबाट गइरहेको हाम्रो अध्ययनले देखाएको छ,’ उनले भने, ‘यसरी आकर्षक रोजगारीको प्रलोभनमा परी असुरक्षित र अस्वाभाविक रकम खर्चेर जाँदा ठगीमा परेका घटनाहरू पनि उत्तिकै छन्, ठगी गर्ने कहाँ पुग्छ, प्रमाण हुन्न, कोसँग क्षतिपूर्ति लिने ?’

युरोपमा भइरहेको मागपत्र प्रमाणीकरणको समस्या, बिचौलियाको बिगबिगी र मानव तस्करीको जालो तोड्न मागपत्र प्रमाणीकरणमा सहजीकरण गराइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयकोसमेत ध्यानाकर्षण गराइएको महासचिव भुर्तेलले बताए । ‘व्यवसायीले युरोपबाट ल्याएका ५० हजारभन्दा बढी मागपत्र अहिले पनि पेण्डिङमा छन्,’ उनले भने, ‘जसका कारण सुरक्षित मानिएको युरोपको रोजगारी गुम्दै गएको छ भने मुलुकमा आउने रेमिटचान्स पनि गुमाउनुपर्ने अवस्था छ ।’

युरोपेली मुलुकमा कामदार पठाउने सम्बन्धमा मागपत्र प्रमाणीकरण हुन नसक्नु, बिचौलिया र मानव तस्करीले फाइदा उठाउनु गम्भीर विषय भएको श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले बताए । उनका अनुसार व्यवसायीहरूले औपचारिकरूपमा उठान गरेका विषयमा सहमत हुन सकिन्छ । ‘व्यवसायीलाई व्यवसाय गर्ने अधिकार दिएपछि यसमा सरकारले सहजीकरण गर्नुपर्छ,’ उनले भने, ‘अहिले युरोपको मागपत्र प्रमाणीकरणमा जुन समस्या देखिएको छ यसले व्यवसायीहरू मर्कामा परेका छन् ।’

(क्रमशः पृष्ठ २ मा)

जनहितमा जारी सन्देश



पृष्ठ १ बाट क्रमशः

## बक्यौता नतिर्ने...

'नियमन आयोगले भर्खरै एक किस्ता नबुझाएसम्म लाइन नजोड्नू र यो बिलअनुसार बक्यौता उठाउनू भनेर निर्देशन दिएको छ,' उनले भने, 'हाम्रो कानुनी संरचना भनेको नियमन आयोग हो र अदालतहरू नै हो । अरू प्रशासनिक निकायले यो बिल ठीक छैन भन्न मिल्दैन ।'

उद्योगीहरूले बक्यौता नतिरेर राजनीति गरेको भन्दै घिसिङ असन्तुष्ट देखिएका छन् । बक्यौताको विषयलाई पनि विवादित बनाउन उद्योगीहरू लागेको उनको भनाइ थियो । उद्योगीहरूले 'इमोसनल ब्ल्याकमेलिङ' गर्दै आएको आरोप पनि उनले लगाए ।

'बक्यौतालाई झन् विवादित बनाउने र राजनीतिकरण गर्ने काम भएको छ । जुनबेला लाइन काटिन्छ त्यसअघि जति पनि प्रडक्ट उत्पादन गरेको हुन्छ, पूर्ण क्षमतामा चलेको हुँदैन । जहिलेसम्म त्यो बिक्री हुँदैन उहाँहरू लाइन जोड्न यहाँ आउनुहुन्न,' उनले भने, 'अनि बेरोजगारी बढायो, आर्थिक अवस्था तहसनहस भयो भनेर इमोसनल ब्ल्याकमेलिङ गर्नुहुन्छ । यो राम्रो कुरा होइन ।'

घिसिङले प्राधिकरणले ऐन र कानुनअनुसार विद्युत् महसुल उठाउन खोज्दा उद्योगको आर्थिक अवस्था तहसनहस भयो भन्ने उद्योगीहरूको भनाइ गलत भएको बताए । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले पनि प्राधिकरणलाई २४ घण्टाभित्र काटिएका उद्योगहरूमा लाइन जोड्न निर्देशन दिने निर्णय गर्दा प्राधिकरणले लाइन काटेका कारण औद्योगिक वातावरण तहसनहस भएको र त्यसले बेरोजगारी बढाएको उल्लेख गरेको थियो ।

यसप्रति घिसिङले असहमति जनाए । बरु, उनले विद्युत् महसुलको बक्यौता उद्योगहरूबाट उठाउने विषय सार्वजनिक सरोकारको विषय भएको भन्दै जनताको साथ खोजे । 'अब यो विषय नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् प्राधिकरणको मात्रै नभएर आममिडिया र पब्लिकको सरोकारको विषय भयो,' उनले भने, 'आमजनसरोकारको विषय भएकोले यसलाई आमपब्लिकबाट पनि गम्भीररूपमा उठ्ने छ भन्ने मलाई लागेको छ ।'

उद्योगीहरूले विद्युत्को महसुल नतिर्ने प्रवृत्ति बढ्दा त्यसको सोझो असर प्राधिकरणको वित्तीय क्षेत्रमा पर्ने बताए । कतिपय सर्वसाधारण ग्राहकले त अर्बौं महसुल नतिर्ने उद्योगीहरूबाट बक्यौता नउठाउने अनि हामीले मात्रै तिर्नुपर्ने भन्न थालेको गुनासो गरे । महसुल नतिर्ने प्रवृत्ति बढ्दै गए विद्युत् प्राधिकरण नै टाट पल्टिने उनको चेतावनी छ । उनका अनुसार प्राधिकरणले हरेक महिना विद्युत् उत्पादकहरूलाई करिब आठ अर्ब भुक्तानी दिनुपर्ने, दुई अर्ब प्राधिकरणको देशभर रहेका कार्यालय सञ्चालनमा प्रशासनिक खर्चसँगै उपकरण किन्ने, मर्मतसम्भार गर्नेमा खर्च हुने र एक अर्ब जति सरकारलाई कर तिर्नुपर्ने बताए । त्यसो हुँदा महसुल नतिर्ने प्रवृत्ति बढ्दै गए र कम्तीमा ११ अर्ब मासिक महसुल नउठे प्राधिकरण वित्तीयरूपमा थला पर्ने घिसिङले चेतावनी दिएका हुन् ।

■■■

## ज्योतीलाई...

धनराजले मितेरी सहकारीबाट २०७७ फागुन ३ गते १२ लाख रूपैयाँ ऋण लिएका थिए । जसमा उनले आफ्नो हकवाला ज्योती गुरुङ उल्लेख गरेका छन् । एक वर्षअघि नै डिभोर्स गरेको भनिएको तर पछि हकवालामा श्रीमतीकै नाम लेखिएको भेटिएपछि धनराज विवादमा तानिएका हुन् । हकवाला ज्योती गुरुङ किन लेखियो त भनेर प्रहरीले सोध्दा धनराजको जवाफ थियो- यसबारे सम्बन्धित सहकारीलाई नै जानकारी होला ।

### 'मितेरीमा ज्योतीलाई जागिर लगाउनु नै अभिशाप भयो'

कांग्रेस उपसभापति गुरुङले आफूले श्रीमतीलाई मितेरी सहकारीमा जागिर लगाउनु नै ठूलो अभिशाप सिद्ध भएको बयान दिएका छन् । आर्थिक अवस्था सुधार्न सहकारीमा जागिर लगाएपछि आफ्नो दुःखको दिन सुरु भएको गुरुङको दाबी छ ।

'विद्यार्थी राजनीतिमा पहिल्यैदेखि लागेकोले कमजोर आर्थिक अवस्थाका कारणले तत्कालीन श्रीमती ज्योतीलाई मितेरी सहकारीको सञ्चालक समिति अध्यक्ष कुम्भराज गुरुङसँग अनुरोध गरेर जागिरमा लगाएको थिएँ । त्यहाँ जागिरमा लगाउनु नै मेरा लागि आज ठूलो अभिशाप भएको महसुस मैले गरेको छु,' गुरुङले भने ।

२०६६ पछि श्रीमतीको रहनसहन नै बदलिएको र ज्योती डिस्को दोहोरी धाउन थालेको उनको आरोप छ । 'राति पनि समयमा घर नआउने । डिस्को, क्लब र दोहोरी जाने गरेको जानकारी मैले पाएँ । आफूखुसी बैंकक त कहिले सिंगापुर जाने क्रम बढेपछि हाम्रो सम्बन्ध झनै बिग्रियो,' गुरुङले भनेका छन् ।

### 'मीनबहादुर सम्धी हुन्, वकिल राखेर ऋण लिएको हुँ'

धनराजले आफूले छोरा विदेशमा पठाउन लिएको ऋण घर धितो राखेर पाएको र उक्त घर सहकारीले २०७८ चैत ४ गते एक करोड ८५ लाख रूपैयाँमा बेचेको तर सबै पैसा सहकारीले नै लिएको बताएका छन् । त्यसपछि ८४ लाख ऋण अझै बाँकी रहेको भनेपछि आफूले व्यवसायी मीनबहादुर गुरुङबाट ऋण लिएर तिरेको बताएका छन् ।

'सहकारीले ब्याजको स्याज गर्दै ऋण बढाउँदै लगेपछि धान्नै नसक्ने अवस्थामा पुगेपछि नाताले मेरो सम्धी पर्ने मीनबहादुर गुरुङबाट वकिल राखी लिखत गरी ऋण लिएर सहकारीको ऋण सम्पूर्ण रूपले चुक्ता गरेको हुँ,' बयानमा धनराजले भनेका छन् । आफू जुनसुकै बेला राज्यका छानबिनको दायरामा रहने र सरकारलाई सहयोग गर्न तयार रहेको उनले बताएका छन् । 'म नेपाल सरकारको कुनै पनि अनुसन्धान गर्ने निकायलाई अनुसन्धानमा सहयोग गर्न तयार छु,' धनराजले भनेका छन् ।

उनले आफ्नी पूर्वश्रीमतीलाई जता भए पनि खोजेर अनुसन्धान गर्नसमेत प्रहरीलाई अनुरोध गरेका छन् । 'मेरी पूर्वश्रीमती ज्योती गुरुङ जहाँ भए पनि झिकाइ अनुसन्धान गरियोस् र सहकारीको अपचलन गरेको पैसा पीडितलाई फिर्ता गरियोस्,' उनले भनेका छन् । प्रहरीले रेड कर्नर नोटिस् जारी गरेका उनकी पूर्वश्रीमती ज्योती अमेरिकामा र भण्डारी कम्बोडियामा लुकेको हुनसक्ने प्रहरीको अनुमान छ । सिआइबीले फेरि बोलाउनेगरी धनराजलाई कागज गरी छाडेको जनाएको छ ।

■■■

## युरोपको मागपत्र...

व्यक्तिगत श्रम स्वीकृति लिएर युरोप जाने नेपालीको संख्या पनि ठूलो देखिएको भन्दै नेपालले व्यवसायीले भनेजस्तो बिचौलियाको भूमिका कसले निर्वाह गरिरहेको छ त्यसको खोजी हुनुपर्ने बताए । 'पछिल्लो एक डेढ दशकको अनुभवबाट के देखिन्छ भने व्यवसायीहरू पनि शुद्ध छैनन्,' उनले भने, 'यसमा सबै व्यवसायीलाई एउटै डालोमा हाल्न मिल्दैन तर कतिपय नेक्सस हेर्दा आवरणमा एउटा कुरा भन्ने, सुन्दा दुरुस्तै हो जस्तो लाग्ने, तर फाइदा उठाउने तत्त्व पनि त्यहीभित्र छ ।'

# सबै जिल्ला पूर्ण खोप

**काठमाडौं (प्रस)**– देशका ७७ जिल्ला नै पूर्ण खोप घोषणा भएका छन् । पछिल्लोपटक नुवाकोट पूर्ण खोपयुक्त जिल्ला घोषणा भएको हो । स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले ती सबै जिल्लाका दुई वर्षमुनिका सतप्रतिशत बालबालिकाले सरकारले उपलब्ध गराएको खोप लगाएपछि पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको बताए । नेपालमा पहिलोपटक अछाम र पाल्पा पूर्ण खोप जिल्ला घोषित भएका थिए ।

'हामीले जन्मेदेखि बालबालिकालाई १५ महिनासम्म विभिन्न खोपका १८ मात्रा दिने गर्दछौं,' उनले भने, 'ती खोप सबै बालबालिकाले खोप पाएपछि ती जिल्लालाई पूर्ण खोप जिल्ला घोषणा गर्दछौं ।' सरकारले जन्मिनेबित्तिकै क्षयरोग विरुद्धको बिसिजी खोप लगाउने गर्दछ ।

यस्तै, छ हप्ता र १० हप्तामा दुईपटक रोटा भाइरस, पोलियो भाइरस, निमोनिया, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकर, हेपाटाइटटिस-बी इन्फ्लुएञ्जा-बी लगायतका रोगविरुद्ध क्रमशः रोटा, पोलियो, पिसिभी, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ । १४ हप्तामा पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकर, हेपाटाइटटिस-बी इन्फ्लुएञ्जा-बी विरुद्धका खोप क्रमशः पोलियोविरुद्धको खोप, एचआइपिभी, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ ।

नौ महिनामा पोलियो, दादुरा र रुबेला तथा निमोनियाविरुद्धको खोप क्रमशः एफआइपिभी, दादुरा तथा रुबेलाविरुद्धको खोप र पिसिसी खोप तथा १२ महिनामा जापानिज इन्सेफ्लाइटिस्विरुद्धको खोप तथा १५ महिनामा दादुरा र रुबेला तथा टाइफाइडविरुद्धको खोप दिने गरिन्छ ।

खोप शाखा प्रमुख गौतमले शिशुलाई जन्मेदेखि १५ महिनासम्म दिन नसकेको खोप १६ महिनादेखि २३ महिनाभित्र दिइने बताए । उनका अनुसार सबै जिल्ला पूर्ण खोप घोषित गरे पनि जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले अझै पनि १२ देखि २३ महिनासम्ममा चार प्रतिशत बालबालिकाले कुनै खोप नपाएको उल्लेख गरिएको छ । उनले १६ देखि २३ महिनासम्म पनि खोप नलगाएका बालबालिकालाई पाँच वर्षसम्म पनि खोप लगाइने बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०५/०८ मा दर्ता भएको प्रा.लि.नं. ३१७९८१ को **उशा हेल्थ क्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८९/०५/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेजीका लागि सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**नक्सा पास सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना !**

(प्रकाशित मिति : २०८१/०७/२९ गते)

महालक्ष्मी नगरपालिका वडा नं.९ साविक लामाटार ७ (ख) कित्ता नं.४३७ क्षेत्रफल १०३.३२ व.मि.जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ असोज २३ मा महालक्ष्मी नगरपालिका वडा नं.९ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लेखित संधियारहरूसँग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई साँधसंधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ९ नं.वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सूचित गरिन्छ । म्यादभित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**पूर्वतर्फ** : कि.नं.४३८ **पश्चिमतर्फ** : कि.नं.२७९ **दक्षिणतर्फ** : कि.नं.४३८

महालक्ष्मी नगरपालिका कार्यालय, ९ नं.वडा कार्यालय, लामाटार, ललितपुर
**सम्पर्क फोन नं.**०१-५९१७१४६

**नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८१/०७/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम **ओजस्वी एकेडेमी** (प्रा.लि. नं. ५८१६१) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"ओजस्वी टेक्निकल** प्रा. लि." कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः** २०८१/०७/२९

**फिनटेक सोलुसन्स प्रा.लि.**को २०८१/०७/२१ गते सम्पन्न विशेष र वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पासपे टेक प्रा. लि.** (प्रा. लि.नं. १३३५०) कायम गर्ने गरी **मिति** २०८१/०७/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/०७/२९

यस बैंकको निक्षेपकर्ता श्री दिलानन्द सिंह खत्रीको नाति, श्री धन सिंह खत्रीको छोरा, कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ०८ घर भई हाल कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ०८ बस्ने वर्ष ६० को श्री नर सिंह खत्रीको मिति २०७८/११/१२ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको छोरा गणेश सिंह खत्रीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा गणेश सिंह खत्रीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदी/कुवेतमा रोजगार** कम्पनी : AL-SMAKIN CORPORATION FOR WHOLESALE & RETAIL TRADE

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313477 चलानी नं. ६०२२७९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1300 | ४६,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 2 | 0 | 1000 | ३५,९२५ | | | | | | | |

कम्पनी : AL-JAHRA AL-AHLIYA EDUCATION ESTABLISHMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313478 चलानी नं. ६०२२७९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 15 | 85 | ३७३११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१

**कतारमा रोजगार** कम्पनी : MACMET AL-KHALEEJ CONSTRUCTIONS

पूर्व स्वीकृति मिति : २०८१/०१/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ LT. No. 304598 चलानी नं. ६०२१९३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 1 | 0 | 1200 | ४४,४९० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ५५,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**युएइमा रोजगार** कम्पनी : SAJAYA CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ LT. No. 312048 चलानी नं. ६०२२७९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 50 | 0 | 800 | २९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Care Professional Service Pvt.Ltd.**
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4517143, 4517142, E-mail: info@careprofessional.com.np
श्रम ईजाजत नं. १३०८/०७८/०७५

**कतारमा रोजगार** कम्पनी : HHTHE EMIR FATHER PRIVATE OFFICE

पूर्व स्वीकृति मिति : २०८१/०७/२८ LT. No. 313505 चलानी नं. ६०२२७९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 50 | 0 | 1000 | ३७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, २९ कात्तिक, २०८१

| | |
|---|---|
| **मेष** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **वृष** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **मिथुन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **कर्कट** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **सिंह** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **कन्या** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **तुला** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **वृश्चिक** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **धनु** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **मीन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ कात्तिक, २०८१ (१४ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.७४ | १३५.३४ |
| युरो | १ को | १४३.२२ | १४३.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८६ | १७३.६३ |
| स्विस फ्रेन्क | १ को | १५२.९० | १५३.५८ |
| अस्ट्रेलियन डलर | १ को | ८८.१९ | ८८.५८ |
| क्यानाडियन डलर | १ को | ९६.५५ | ९६.९८ |
| सिङ्गापुर डलर | १ को | १००.७१ | १०१.१६ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.६३ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.८७ | ३६.०३ |
| कतारी रियाल | १ को | ३६.९७ | ३७.१३ |
| थाई भाट | १ को | ३.८७ | ३.८९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६८ | ३६.८५ |
| मलेसियन रिङेट | १ को | ३०.३७ | ३०.५० |
| दक्षिण कोरियन वन | १०० को | ९.५८ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.३९ | १२.४५ |
| डेनिस क्रोनर | १ को | १९.२० | १९.२९ |
| हङकङ डलर | १ को | १७.३२ | १७.४० |
| कुवेती दिनार | १ को | ४३८.३५ | ४४०.३० |
| बहराइन दिनार | १ को | ३५७.४६ | ३५९.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

राष्ट्रसंघका महासचिवलाई राष्ट्रपति पौडेलको आग्रह

# जलवायु परिवर्तनका असरप्रति विकसित देशलाई गम्भीर बनाऊ



**बाकु (अजरबैजान)–** राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनले पारेका असरमा विकसित देशलाई गम्भीर बनाउन संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसलाई आग्रह गरेका छन् । उनले जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असरको न्यूनीकरणका लागि विकसित देशहरूबाट अनुदान उपलब्ध गराउन पनि आग्रह गरेका छन् ।

सोमबारदेखि अजरबैजानको बाकुमा जारी कोप-२९ को सम्मेलनअन्तर्गत राष्ट्रसंघका महासचिव गुटेर्रेसले अल्पविकसित राष्ट्रहरूका राष्ट्र/सरकार प्रमुखहरूसँग बुधबार यहाँ गरेको सामूहिक भेटघाट कार्यक्रममा राष्ट्रपति पौडेलले यस्तो आग्रह गरेका हुन् ।

'जलवायु परिवर्तनले उत्पन्न समस्या अहिले नेपालजस्ता मुलुकले भोगिरहे पनि पछि विकसित देशमा पनि आउने छ, यो कुरा राष्ट्रसंघमार्फत विकसित देशले बुझून्,' राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका प्रेस सल्लाहकार किरण पोखरेलले भने, 'यो समस्याको सिर्जना नेपालजस्ता मुलुकले नगरेको हुँदा यसको न्यूनीकरणका लागि उपलब्ध स्रोत ऋणमा लिन नसकिने भएकाले अनुदानमा उपलब्ध गराउन आग्रह गर्दछु,' बैठकमा राष्ट्रपति पौडेलले भने । सल्लाहकार पोखरेलका अनुसार राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको समस्या अहिले नेपालजस्ता मुलुकलाई परेको तर विकसित देशहरूलाई पनि यो समस्या आउँदै छ भनेर राष्ट्रसंघले सम्झाइदिनुपर्नेमा जोड दिए ।

राष्ट्रपति पौडेलले अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूले उनीहरूको कुनै योगदान नै नभएको विकराल समस्या बनेको जलवायु परिवर्तनबाट बच्न विकसित देशहरूबाट उल्लेख्य सहयोग पाउन नसकेको बताए । उनले अल्पविकसित तथा विकासोन्मुख देशहरूलाई अनुकूलन तथा न्यूनीकरणका लागि यथेष्ट आर्थिक तथा अन्य सहयोग जुटाउन संयुक्त राष्ट्रसंघले अझ प्रयास गनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रसंघका महासचिव गुटेर्रेसले विपत्को पूर्वचेतावनी प्रणाली स्थापनामा अल्पविकसित राष्ट्रहरूलाई प्राथमिकतामा राखेकामा राष्ट्रपति पौडेलले आभार व्यक्त गर्दै जलवायु परिवर्तनले आर्थिक र सामाजिक अवस्था कमजोर भएका अल्पविकसित देशहरूलाई सबैभन्दा बढी असर गरेको उल्लेख गरे । सो अवसरमा राष्ट्रसंघका महासचिव गुटेर्रेसले जलवायु परिवर्तनको कारण उत्पन्न समस्या र जोखिम व्यहोर्नुपरेका मुलुकलाई सहुलियतपूर्ण स्रोत उपलब्ध गराउनुपर्ने धारणा राख्दै कोप-२९ अन्तर्गत हुने बैठक, छलफल र वार्तामा यो विषयलाई जोडदार रूपमा उठाउन सुझाव दिएको पनि पोखरेलले जानकारी दिए ।

उक्त बैठकमा बंगलादेशका अन्तरिम सरकारका प्रमुख, मालावीको उपराष्ट्रपति र गाम्बियाका मन्त्रीको सहभागिता रहेको थियो । अजरबैजानका राष्ट्रपति इलहम अलियभको निमन्त्रणामा कोप-२९ सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल सोमबार बाकु आइपुगेका हुन् । सम्मेलन आगामी मंसिर ७ गतेसम्म चल्ने छ । *रासस*

# चिसो बढेपछि सुनसान 'बुकीपाटन'

**ढोरपाटन (बागलुङ)–** चिसोका कारण गोठाला बेँसी झरेपछि ढोरपाटन बुकीपाटन सुनसान बनेका छन् । असारदेखि कात्तिक पहिलो सातासम्म गोठाला र आन्तरिक तथा बाह्य पर्यटकका कारण चहलपहल बढे पनि यतिबेला भने बुकीपाटनमा सुनसान छ ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्रमा पर्ने बुकीपाटन पछिल्लो समय आन्तरिक र विदेशी पर्यटकको रोजाइमा पर्दै गएको छ । गत असारदेखि असोजसम्म करिब तीन हजार पर्यटक बुकीपाटन पुगेको ढोरपाटन नगरपालिका-९ का गंगी पुनले बताइन् ।

बर्खामा चारैतिर हरियाली छाउने, उत्तरतिर हिमाल र पाटनभरि छरिएर रहेका भेडाका बथान हेर्नका लागि पर्यटक पुग्ने गरेका छन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष तीन गुणाभन्दा बढी पर्यटक बुकीपाटन पुगेको उनको भनाइ छ ।

उनले भनिन्, 'लामो समय ओझेलमा रहेको बुकीपाटन सञ्चारमाध्यममा प्रचारप्रसार हुन थालेपछि त्यहाँ पुग्ने पर्यटक बढेका छन् । बुकीपाटनमा विदेशी पर्यटक ल्याउन सके यस क्षेत्रका नागरिकको जीवनस्तर परिवर्तन हुने थियो, ढोरपाटन उपत्यकादेखि बुकीपाटन पुग्ने पदमार्गलगायतका पूर्वाधार निर्माण गर्न सके धेरै बुकीमा पर्यटकको संख्या बढाउन सकिन्थ्यो ।'

समुद्री सतहदेखि दुई हजार ९०० देखि चार हजार ५०० मिटरको उचाइमा रहेको बुकी क्षेत्र गोठालाको बास स्थान हो । बर्खामा यहाँ सयौँको संख्यामा गोठालाहरू हजारौंको संख्यामा भेडाबाख्रा र गाईभैँसीका साथ अस्थायी गोठ बनाएर बस्छन् ।

ढोरपाटन उपत्यकाका होटल व्यवसायी धीरेन्द्र घर्तीमगरले बुकीपाटन जाने अधिकांश पर्यटकले नजिकबाट गोठालाको जनजीवन देख्न र अनुभूति गर्न पाउने बताए । 'बुकीपाटन घुम्नका लागि उपयुक्त समय बर्खायाम नै हो, उक्त समयमा बुकी पुग्ने पर्यटकहरू धेरै दिन उतै बिताउने गर्छन्, त्यो ठाउँ जति हेऱ्यो, उति हेरौं, हेरौं लाग्ने खालको छ,' उनले भने । बुकीमा गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायत रमणीय ठाउँ छन् । *रासस*


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२३ मा दर्ता भएको प्रा.लि.नं. १९५४५३ को **दिवश निर्माण सेवा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिद्वारा निर्माण गर्न लागिएको गुम्बाको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) को मस्यौदा प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२९

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति श्रीमहल्, पुल्चोक, ललितपुरद्वारा पन्चकन्या गाँउपालिका वडा न २ मा गुम्बा निर्माणको लागि ऐन २०६४ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नु पर्ने भएकोले यस सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकः**- बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, श्रीमहल्, पुल्चोक, ललितपुर, +97715423101

**प्रस्तावक विवरणः**- बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति श्रीमहल्, पुल्चोक, ललितपुरद्वारा निर्माण गर्न लागिएको गुम्बा पन्चकन्या गाँउपालिकामा पर्दछ । गुम्बा परिसरको श्रेत्रफल १६७४.६२ वर्ग मिटर रहेको छ । गुम्बा परिसर भित्र गुम्बा, ध्यान केन्द्र, रिसर्च सेन्टर, अथिती कक्ष, कार्यक्रम हल, गार्डेन, पार्किङ समाबेस छ ।

यो प्रस्ताव कार्यन्वयन गर्नु पुर्व पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन २०६३ तथा नियमावली २०६४ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ बमोजिम सो प्रस्ताव सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरि स्वीकृत गराउनु पर्ने भएकाले उक्त प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा उक्त नियमावली बमोजिम यस आयोजना क्षेत्रको भौतिक, जैविक आर्थिक, सामाजिक वातावरणमा के-कस्ता प्रभाव पर्छ भनी एकिन गर्नु परेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

**अतः** यो सूचना प्रकाशित मितिले १५ दिन भित्र निम्न उल्लेखित ठेगानामा आफ्नो राय सुझावहरु पठाईदिनु हुन सम्बन्धित गाँउपालिका वडा कार्यालय, विद्यालय, स्वास्थ चौकि, वन उपभोक्ता समिती एवं सम्पूर्ण सरोकारवाला व्यक्ति संस्थाहरूलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ । यस बमोजिमको राय सुझाव सम्बन्धित गाँउपालिकामा समेत सोझै पठाउन सकिने छ ।

| मिति र समय | स्थान |
|---|---|
| २०८१, मङ्सिर १ गते शनिवार दिउँसो १ बजे | आयोजना निर्माण स्थलको प्राङण् |

**Kaligandaki Rural Municipality**
**Office of the Rural Municipal Executive**
Birgha, Syangja

**Invitation for Online Bids**

**Date of publication: 14th November 2024 (29th Kartik 2081)**

1. Kaligandaki Rural Municipality, Syangja invites **electronic bids** from eligible bidders for following works:

| S.N | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated Amount (without VAT and PS) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/HP/06/081/082 | Construction of Health Post Building in Ward 5 | 75,000 (120 days) | 25,84,809.21 | 3000 | Last submission: 2024-12-15 12:00hrs Bid Opening: 2024-12-15 13:00Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

Government of Nepal
Ministry of Health and Population
**Ayurveda Chikitsalaya**
Naradevi, Kathmandu

**Invitation for e-Bids**

**Date of publication: 2081-07-29**

**Invitation for Bids No: NAHKTM/G/NCB/03-081/82**

1. The *Ayurveda Chikitsalaya, Naradevi, Kathmandu* invites ***electronic*** bids from eligible bidders for The Procurement of Supply and Delivery of Medicine for Pharmacy use under National competitive bidding – Single Stage Two Envelope procedures**.**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Ayurveda Chikitsalaya, Naradevi, Kathmandu,* or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: ***Rastriya Banijya Bank, Teku, Kathmandu***
   Name of Office: ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu***
   Office Code no. : ***370003502***
   Office Account no.: ***100010020001000***
   Bid documents Fee: ***NRs. 3000/- (Non Refundable)***
   Rajaswa (revenue) Shirshak no. :***14229***
5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2081-09-01***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***2081-09-01*** at the office *of **Ayurveda Chikitsalaya, naradevi, Kathmandu.*** Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs.3,50,000/-*** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: ***1700100102030000*** District Treasury Office, Tripureswor, Kathmandu at ***Rastriya Banijya Bank***, ***Teku*** Branch and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. In the case of medicines produced in Nepal, the official letter of the firm or company with an import license in the case of drugs produced in Nepal, and in the case of foreign medicines, the official letter of the approved medicine provider must be submitted before the contract.
11. Medicines submitted by the bidder must be registered in the Drug Administration Department and must have a license for sale and distribution. Production license or import license as required by this hospital, Market sale distribution certificate and quantity sheet should be provided. In addition, the cost and liability of the quality test of the medicine will be borne by the payer.

While submitting the price of the drug, the name of the drug manufacturing company and the maximum net price of the drug must be mentioned.

**रोमानियामा रोजगार** कम्पनी : **INTERNATIONAL WORK FINDER**

पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ LT. No. 281582 चलानी नं. ६०१९८१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 10 | 550 | ७३,७१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 26 | 0 | 550 | ७३,७१० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७३,७१० | | | | | | | |
| 4 | Cook | 5 | 0 | 650 | ८७,११० | | | | | | | |
| 5 | Cleaner | 7 | 6 | 550 | ७३,७१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः के. बि. आर. होटल इन, दमक -८ झापामा मितिः २०८१ मंसिर ६ गते (21th Nov. 2024) मा हुनेछ ।**
**Gajendra yonghang. 9852046932, B.B limbu. 9816360173, Sher bahadur yonghang. 9852674718**
**अन्तरवार्ता हुने स्थानः सि.पि होटल, बिर्तामोड १ झापामा मितिः २०८१ मंसिर ७ गते (22th Nov. 2024) मा हुनेछ ।**
**Mobile No: 9851016809, 9852691999, 9852674809, 9816015488, 9852674810**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय खेलकुद परिषद**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

**मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी निर्माण आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः२०८१/०७/२९**

बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं.०६ मा, राष्ट्रिय खेलकुद परिषदद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | राष्ट्रिय खेलकुद परिषद प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं फोन नं.०१-४२८१८७३,०१-४२५०६९९ पोस्ट बक्स नं.-२०९० ईमेल:nsc.ms.secretrist@gmail.com वेबसाइटः www.nsc.gov.np | |
| **प्रस्तावको व्यहोरा** | स्वीकृत EIA | प्रस्तावित SEIA |
| | १५,००० जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र एकेडेमीको निर्माण | २१,०३४ जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र एकेडेमीको निर्माण |
| **प्रभाव पर्ने जिल्ला/न.पा./वडा** | बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं.०६ | |

माथि उल्लिखित प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्यांकन क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| राष्ट्रिय खेलकुद परिषद प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१-४२८१८७३,०१-४२५०६९९ पोस्ट बक्स नं.-२०९० ईमेलः nsc.ms.secretrist@gmail.com वेबसाइटः www.nsc.gov.np | सोइल वाटर एण्ड एयर टेष्टिङ्ग ल्याबोरेटोरिज प्रा.लि. थापागाउँ-१०, काठमाडौं फोन नंः ०१-५३४९४८०, ९८४१५५०४२५ ईमेलः swatlab2017@gmail.com वेबसाइटः www.swatlab.com.np |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कामदारलाई मारमा पार्ने निर्णय खारेज गर

बेरोजगारीको समस्याले पिल्सिएका नेपाली युवाहरू विदेशी मुलुकमा श्रम गर्न बाध्य छन् । स्वदेशमा रोजगारी अभावमा दुःख पाएका उनीहरूले विदेश जाँदा बेहोनुपर्ने सकस भनिसाध्य छैन । पासपोर्ट बनाउने बेलादेखि नै उनीहरूको सकसपूर्ण यात्रा सुरु हुन्छ । यो कतै लुकेको नभई सबैले देख्दै/भोग्दै आएको समस्या हो । सरकारले 'सुरक्षित वैदेशिक रोजगार'को नारा लगाएको वर्षौं भए पनि यस क्षेत्रको असुरक्षा हट्न सकेको छैन । यसको पछाडि विभिन्न कारण छन् ।

रोजगारीका नाममा मानव तस्कर हुने गरेका घटना पनि नयाँ होइन । विभिन्न बहाना र प्रलोभनमा पारी युवाहरूसँग लाखौं असुलेर ठगी गर्ने गिरोह नै सक्रिय छ । बेलाबखत त्यस्ता कार्यमा संलग्नहरू पक्राउ परे पनि मुख्य व्यक्तिहरू शक्तिको आडमा खुलमखुला हिँडिरहेका छन् । अहिले त प्रदेशका मन्त्रीसम्म पनि मानव तस्करी प्रकरणमा जोडिएका छन् । त्यसो त संघीय सरकारका श्रममन्त्रीले आफ्नो स्वार्थअनुकूल तथा व्यवसायीको दबाब/प्रभावमा विभिन्न निर्णय गर्दै आएका छन् । व्यवसायीको लाभका लागि गरिने त्यस्ता निर्णयहरू वैदेशिक रोजगारीमा जानेहरूलाई उल्टै मार परिरहेको छ । यसमा मन्त्री र व्यवसायीको हातेमालो हुने गरेको तथ्य लुकेको छैन ।

सरकारले मलेसिया तथा खाडी मुलुकमा जाने कामदारका लागि 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था लागू गरेको वर्षौं भइसक्यो । तर, व्यवसायीले कामदारबाट ठूलो रकम असुल्न छाडेका छैनन् । व्यवसायी स्वयंले यो कुरा खुला रूपमै स्वीकार गरिरहेका छन् । 'फ्रि भिसा, फ्रि टिकट'को नीतिअनुसार कामदार पठाउँदा व्यवसायीले १० हजार रूपैयाँसम्म सेवा शुल्क लिन पाउँछ । तर, व्यवहारमा लाखौं असुली भइरहेको छ । अहिले व्यवसायीहरू उक्त सेवा शुल्क बढाउन सरकारलाई दबाब दिइरहेका छन् । सरकारले आफ्नो माग सम्बोधन नगरेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गुनासो पोख्ने काम गरिरहेको छ । सेवा शुल्क नबढाउँदा कामदार मारमा परेको उसको दाबी छ ।

संघको यो दाबीको खास अर्थ देखिँदैन । किनकि, व्यवसायीहरूले सेवा शुल्कमात्र लिएर कामदार पठाइरहेका छैनन् । यद्यपि, सीमित व्यवसायीले भने नियमानुसार नै कामदार पठाउने गरेको देखिन्छ । त्यसैले सेवा शुल्क बढाउने भनेको लिइरहेको बढी शुल्कलाई वैधानिक बनाउने चालबाजी मात्र हो भन्ने प्रस्ट बुझिन्छ । सरकारले आफ्नो नीति कार्यान्वयन गर्न नसक्दा व्यवसायीको मनोमानी बढेको हो । यहाँ सरकार र व्यवसायी दुवैका कारण वैदेशिक रोजगारीमा जाने कामदार मारमा परेका छन् । अब सरकारले व्यवसायीको स्वार्थमा होइन, कामदारको हितमा हुनेगरी निर्णय गरेर अगाडि बढ्नुपर्छ । जिटुजी सम्झौतामार्फत दक्षिण कोरिया, जापान, इजरायललगायतका देशमा कामदार पठाइरहेकामा सो कार्यको अनुमति म्यानपावर कम्पनीलाई दिने तयारी स्वार्थपूर्ण देखिन्छ । त्यसैले यो कार्य तुरुन्त रोकियोस् ।

## मनन्योग्य

### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो । क्रमश :

# नुवाकोट विजय र पृथ्वीनारायण शाहको पश्चाताप !



■ मोहन थापा

आजभन्दा करिब २८० वर्षअघिको कुरा हो, तत्कालीन गोरखाली सेनाले कान्तिपुर अधीनको नुवाकोट विजय गरेको थियो । नुवाकोट विजयपछि जयन्त रानालाई नुवाकोटको देवीघाटमा निर्दयीतापूर्वक मृत्युदण्ड दिइयो । त्यसको करिब ३० वर्षपछि देवीघाटमै पृथ्वीनारायण शाहको देहावसान हुनुअघि शाहले गरेको पश्चातापको झल्को उनका अन्तिम वाणी 'दिव्योपदेश'मा पाउन सकिन्छ ।

■■■

पृथ्वीनारायण शाहले जीवनको अन्तिम समयमा भारदारसामु दिएको वक्तव्य (दिव्योपदेश) मा 'लषनैबाट तिन् मुस्ल्मां मेरो चाकरिलाई नुवाकोटमा पिछा गारि आयाका थिया. ईनै बन्दुकको तुलकलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेषजरवर ममताकि भेषासिं तिनै जनालाई अजिटनी दिया र तिलंगा सधायाको हो' (पृथ्वीनारायण शाहको उपदेश) भन्ने तथ्य पाइनुले, शाहले बनारस यात्रामा ती मुसलमानसँग सम्पर्क गरेको र नुवाकोट विजयपछि उनीहरू पृथ्वीनारायण शाहलाई भेट्न आइपुगेको, त्यसपछि उनीहरू यतै बसोवास गर्न थालेको अनुमान गर्न सकिन्छ ।

वि. सं. १७९९ चैत २५ गते तत्कालीन गोरखा राज्यका राजा नरभूपाल शाहको मृत्यु भएपछि गोरखाली राजपरम्पराअनुसार जेठा छोरा २० वर्षीय पृथ्वीनारायण शाह राजगद्दीमा बसे । त्यस समय आजको नेपालको भूभागमा काठमाडौं उपत्यबाट पश्चिमतर्फ कर्णाली प्रश्रवण क्षेत्रमा २२, गण्डकी प्रश्रवण क्षेत्रमा २४, काठमाडौं उपत्यकामा तीन (कान्तिपुर, ललितपुर र भक्तपुर), काठमाडौंबाट दक्षिणतर्फको मकवानपुर र पूर्वतर्फ विजयपुर र चौदण्डीसमेत ५२ भन्दा धेरैवटा राज्य अस्तित्वमा थिए, तीमध्ये एक राज्य गोरखालाई चौबिसी समूहमा गणना गरिन्थ्यो । कतिपय इतिहासकारहरूले गोरखा राज्यलाई चौबिसी समूहमा गणना नगरी अलग्गै उल्लेख गर्ने गरेका छन् ।

द्रव्य शाहले वि.सं. १६१६ मा अलग राज्य स्थापना गरेपछि गोरखा छिमेकी राज्यहरू तनहुँ, लमजुङ, कास्की र उत्तरको तिब्बत एवं पूर्वतर्फको कान्तिपुर, ललितपुर आदि राज्यसँग निरन्तर युद्धमा थियो । तसर्थ गोरखाली सेना र जनता साना-ठूला युद्धबाट खारिएका, अनुभवी थिए । गोरखाली राजा र जनतासमेत हरेकजनमा छिमेकी राज्यको भूमि जितेर गोरखा राज्यको बिस्तार वा श्रीवृद्धि गर्नसक्नुपर्छ भन्ने दृढ अठोट थियो । तसर्थ युवामय पृथ्वीनारायण शाह राजा भएपछि उनले पिताजी स्व.नरभूपाल शाहले आक्रमण गरेर पराजय ब्यहोरेको नुवाकोटमाथि पुनः विजयको उत्कण्ठाले वि.सं. १८०० मा काजी महेश्वर पन्तको नेतृत्वमा युद्धका लागि सैन्य आक्रमण गरिदिए, तर यो आक्रमणमा पनि गोरखालीको पराजय भयो ।

आफू राजा भएपछि लडेको नुवाकोट युद्धमा पराजित भएपछि पृथ्वीनारायण शाहले तालिमप्राप्त सैनिक र आधुनिक हातहतियारको अभावलाई मुख्य कमजोरी ठाने र तत्काल त्यसको निवारण के कसरी गर्ने भनेर सोच्न थाले । पृथ्वीनारायणले पिताजीको अस्थि, भारतको बनारसमा पर्ने गंगा नदीमा सेलाउने र तीर्थयात्रा गर्ने बहाना बनाएर बनारस यात्रा गर्ने र त्यहाँबाट आधुनिक हतियार (बन्दुक) किनेर ल्याउने योजना बनाए । त्यसबेला भारतका लखनाउ, बनारससमेत विभिन्न सहरमा पोर्चुगिज, फ्रेञ्च तथा अंग्रेजलगायतका युरोपेली र अरबीहरूको प्रभाव बढिसकेको हुनाले त्यताका व्यापारीसँग बजारमा आधुनिक बन्दुक, बारुदलगायतका सैन्य सामग्रीहरू किनमेल गर्न सकिन्थ्यो ।

यो योजना पूरा गर्न अर्थ अभाव भएकाले सोको परिपूर्ति के कसरी हुनसक्छ भनी पृथ्वीनारायण शाहले गोरखा दरबारका पुराना सहयोगी बिशे नगर्चीलगायतसँग सल्लाह मागेको, त्यसबेला गोरखा राज्यमा १२ हजार घरधुरी रहेको र हरेक घरसँग एक रूपैयाँ सहयोगस्वरूप संकलन गर्न बिशे नगर्ची (दमाई)ले पृथ्वीनारायण शाहलाई सल्लाह दिएअनुसार गोरखाका १२ हजार घरसँग रकम संकलन गरेर पृथ्वीनारायण शाहले वि.सं. १८०० को हिउँदमा बनारस यात्रा पूरा गरेको इतिहासकारहरूले लेखेका छन् । गोरखा राज्यका विश्वासी भारदारको साथमा पृथ्वीनारायण शाहले बनारस यात्राबाट केही थान आधुनिक बन्दुक र बारुद किनेर ल्याएका थिए । शाहले गोरखाली सैनिकलाई ती बन्दुक चलाउन सिकाउन बनारसबाट तीन जना मुसलमान कालीगढहरू- शेष जोरावर, भेषासिंह र ममताकिलाई गोरखा ल्याए र तीनलाई गोरखामा घरजग्गा दिएर राखेका थिए । ती मुसलमानलाई गोरखाली सेनामा अजिटन पद दिइएको इतिहास शिरोमणि बाबुराम आचार्यले उल्लेख गरेका छन् ।

पृथ्वीनारायण शाहले जीवनको अन्तिम समयमा भारदारसामु दिएको वक्तव्य (दिव्योपदेश) मा 'लषनैबाट तिन् मुस्ल्मां मेरो चाकरिलाई नुवाकोटमा पिछा गरि आयाका थिया. ईनै बन्दुकको तुलकलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेषजरवर ममताकि भेषासिं तिनै जनालाई अजिटनी दिया र तिलंगा सधायाको हो' (पृथ्वीनारायण शाहको उपदेश) भन्ने तथ्य पाइनुले, शाहले बनारस यात्रामा ती मुसलमानसँग सम्पर्क गरेको र नुवाकोट विजयपछि उनीहरू पृथ्वीनारायण शाहलाई भेट्न आइपुगेको, त्यसपछि उनीहरू यतै बसोवास गर्न थालेको अनुमान गर्न सकिन्छ ।

गोरखाली राजा र जनताको नुवाकोट जे जसरी पनि विजय गरिछाड्ने संकल्प, आधुनिक बन्दुक चलाउन सिकाइएका तालिमे सैनिकको बन्दोवस्त र गोरखाली थप युवा भर्ती गरी तिनलाई तालिमबाट परिपक्व बनाएपछि पृथ्वीनारायण शाहले तत्कालीन कान्तिपुर राज्य अधीनको नुवाकोटमाथि फेरि आक्रमणको योजना बनाए । शाहले त्रिशूली नदी तरेर पारि जाने र नुवाकोटमा रहेका कान्तिपुरे सैनिकमाथि धावा बोल्ने, त्यसअघि गुप्तरूपमा आफ्ना पक्षका सैनिकमार्फत उत्तम साइतमा नुवाकोटमा किलो गाड्न लगाउने, नुवाकोटको सुरक्षामा कान्तिपुरका तर्फबाट सेनाप्रमुख भएर रहेका गोरखा छाडेकाका पूर्वकाजी जयन्त राना मगर र उनका छोरा शंखमणी राना मगरलाई 'गोरखासँग मिल्न आइज, नुवाकोट हामीलाई छाडिदे' भनी सन्देश पठाउने काम गरेका थिए ।

पृथ्वीनारायण शाह नेतृत्वको गोरखाली सेनाले नुवाकोट विजयी गर्दा कान्तिपुर अधीनको नुवाकोटगढीको सैन्य नेतृत्व गोरखाका पूर्वकाजी जयन्त रानामा थियो । यहाँनेर काजी जयन्त राना मगरबारे केही चर्चा गरिनु सान्दर्भिक हुने छ । स्व. नरभूपाल शाहको राज्यकालमा वि.सं. १७९२ मा गोरखाले नुवाकोटमाथि आक्रमण गरेको थियो । सो आक्रमणमा गोरखाली सेनाका सेनापति काजी जयन्त राना मगर र काजी महेश्वर पन्त थिए भने कान्तिपुरे सेनाका सेनापति, नुवाकोट रक्षार्थ काशीराम थापा थिए । गोरखाले नुवाकोटमाथि गरेको आक्रमणमा गोरखाली सेनाको पराजय भयो, काजी जयन्त राना मगर र महेश्वर पन्तको काशीराम थापाका सेनासामु केही जोर चलेन । युद्धमा पराजित भएपछि काजी जयन्त राना मगरमाथि विपक्षीसँग मिलेको आरोप लाग्न थाल्यो । महेश्वर पन्तले गोरखा दरबारमा गएर, 'यी मगरहरूकै ठाउंमा म काजी हुन आएकोले म काजी भएकोमा यिनीहरू रिस गर्छन् र काममा सहयोग गर्दैनन्, यसैले, मगरहरूको असहयोगका कारण मैले हजुरको राज्य सपार्न सकिनँ' भनी उनीलगायतका गोरखाली पुराना भारदारले राजा नरभूपाल र उनकी महारानी चन्द्रप्रभाको कान भरेपछि जयन्त राना मगरको काजी पद खोसियो । पद खोसिएको केही समयपछि जयन्त एक साँझ गोरखा राजदरबारमा राजारानीसँग दर्शनभेटका लागि पुगेका थिए । राजा नरभूपाल शाह नुवाकोट युद्धमा पराजयपछि विरक्तिएर अधिक समय जंगलमा बस्दथे, पूजाआजामा समय बिताउँदथे, जयन्त राना मगरले जेठी महारानीसँग भेटेर 'मैले जो सकेको कोसिस गरेको हुँ, तर दैवको खेला युद्ध हारियो, म गोरखा राज्यमा अटाइनँ, मैले र मेरा पुर्खाले गोरखा राज्यको सकेको सेवा गरेकै हो, कुनै गल्ती गरेको जस्तो लाग्दैन, यदि अञ्जानवस गल्ती भएको रहेछ भने यो सेवकलाई माफ गरिबक्सेला, अब म बिदा भएँ' भनी जेठी महारानीसँग बिदा भएर निस्केका थिए । लगत्तै उनी परिवारसहित कान्तिपुरका राजा जगज्जय मल्लको सेवामा पुगेर नुवाकोटको बेलकोटमा बस्न थालेका थिए । पछि वि.सं. १८९२ माघमा कान्तिपुरका राजा जगज्जयको मृत्युपछि राजा भएका जयप्रकाश मल्लको पलाञ्चोकका खस थापा क्षेत्री काशीराम थापा उग्र विरोधी भएकाले, राजा जयप्रकाश मल्लले काशीराम थापाको नुवाकोटको खानगी खोसेर जयन्त राना मगरलाई राम्रो खानगीसहित नुवाकोटको तैनाथी दिएका थिए । त्यसपछि जयन्त परिवारसहित नुवाकोट रक्षार्थ कान्तिपुरका सैनिकको नेतृत्व गरेर उतै बसेका थिए ।

जयन्त मगर ग्याङमी राना वंशका थिए । यिनी वि.सं. १७७३ मा नरभूपाल शाह गोरखाका राजा भएपछि गोरखाका काजी भएको देखिन्छ । नरभूपाल राजा भएपछि काजी जयन्तको नेतृत्वमा गोरखाली सेनाले केरुङ र झुगाको दोसाध झुगथाना भोटमा आक्रमण गरेको थियो । तर, जयन्त नेतृत्वको यो गोरखाली सैन्य दललाई भोटका सेनाले घेरेर राखे, पछि भुटानका राजाले भोट र गोरखाबीच सन्धि गराइ गोरखाली सेनालाई भोटका सेनाको घेराबाट मुक्त गरिदिएका थिए ।

नरभूपाल शाह गोरखाको राजा हुँदाताका गोरखा राज्यमा दुई काजी पदमा मगर थिए । वि.सं. १७८७ ताका कान्तिपुर र पाटनसँग मिलेर भक्तपुरविरुद्धको लडाइँमा नरभूपालले गोरखाली सेना पठाएका थिए, तर भक्तपुरले तनहुँ र लमजुङका सेनाको सहयोग लिएर आफ्नो भूमि जोगाउन सफल भयो । त्यसपछि गोरखाली सेना घर फर्किएपछि भानु अर्ज्याल र महेश्वर पन्तले राजा नरभूपाल शाहलाई 'यी मगरहरू राज्य थाम्न सक्लान्, बढाउन सक्दैनन्, यिनको भर परेर बसेमा गोरखा राज्यको उन्नति हुने छैन' भनी सुझाएपछि नरभूपाल शाहले रामकृष्ण थापा मगरलाइ काजी पदबाट हटाई महेश्वर पन्तलाई उक्त पद दिएका थिए । जयन्त राना मगरको काजी पद यथावत् थियो । वि.सं. १७९२ मा भएको नुवाकोट आक्रमणपछि पनि यी नै महेश्वर पन्तको कुरा सुनेर राजा नरभूपालले काजी जयन्तको पद खोसेका थिए, यसपछि जयन्तले गोरखा राज्य नै त्यागिदिए । यसबाट तत्कालीन गोरखा राज्यमा मगर र ब्राह्मणबीच भित्रीरूपमा मनोमालिन्य बढ्दै गएको स्पष्ट हुन्छ ।

वि.सं. १७९९ मा गोरखाका राजा भएपछि पृथ्वीनारायण शाहले दोस्रोपटक नुवाकोट आक्रमण गर्नुअघि गोरखाका विश्वासी सैनिकमार्फत गोरखासँग मिल्न र नुवाकोट मोर्चा गोरखालाई छाडिदिन सन्देश पठाएका थिए । पृथ्वीनारायणले 'तं हाम्रै मान्छे होस्, हामीसँग मिल्न आइज' भन्ने ब्यहोराको पत्र लेखेर जयन्त रानालाई हात लिन खोजेका थिए । जयन्त रानाले यसको जवाफमा, 'हुन त म हजुरकै मानिस हुँ, तर मैले जयप्रकाश मल्लको नुन खाइहालेँ, यसकारण म नुनको सोझो गर्छु' भनी जवाफ पठाए ।

पृथ्वीनारायण शाहको मनभित्र गोरखाली सेना र दरबारको सम्पूर्ण भित्री भेदहरू थाहा पाएको जयन्त राना मगर स्वयं नै नुवाकोटगढीको तैनाथमा भएकाले युद्ध जित्न मुस्किल पर्नसक्ने शंका थियो । तसर्थ उनले ज्योतिषलाई राम्रो साइत हेर्न लगाएका थिए । सकेसम्म जयन्तलाई आफ्नो पक्षमा पार्न सकिन्छ कि भन्ने आशा पनि थियो । तर जयन्तले आशाविपरीत उल्टो हाँक दिएर जवाफ पठाएकाले उनीप्रति शाह भित्रभित्र मुर्मुरिएका थिए । शाहले नुवाकोट र गोरखाको सीमा, त्रिशूली नदी किनारको खिञ्चेतमा दिउँसोको समयमा कुलो खन्ने निहुँ बनाएर नुवाकोटतिरका सैनिकको चहलपहल शूक्ष्मरूपमा बुझ्ने प्रयास गरेका थिए, कुलो खन्ने खेतालाहरूको भेषमा गोरखाली सैनिक त्रिशूली नदी किनारमा भेला गराइसकेका थिए ।

कान्तिपुर सहरमा दसैंको ठीक अघि इन्द्रजात्रा हुने र त्यस समयमा नुवाकोट किल्लाका प्रमुख रक्षक कान्तिपुर सहर जाने समाचार थाहा पाएपछि पृथ्वीनारायण शाहले सोही समयमा नुवाकोट आक्रमणको साइत निकाल्न लगाएका थिए । खेताला भेषमा रहेका सैनिकलाई अघिल्लो दिनमा त्रिशूली नदी तारिसकेपछि वि.सं. १८०१ असोज १५ गते गोरखाली सेनाले नुवाकोटमाथि आक्रमण गरे । त्यसबेला नुवाकोट किल्लाका मुख्यरक्षक जयन्त राना इन्द्रजात्रामा सरिक हुन र गोरखाली सेनाको सम्भावित आक्रमणबारे राजा जयप्रकाश मल्लसँग सल्लाह गरेर थप सैनिक र हातहतियारको जोहो गर्ने उद्देश्यले कान्तिपुर सहर पुगेका थिए । नुवाकोटको सुरक्षा प्रमुख जयन्त रानाका छोरा शंखमणि राना मगर महामण्डलमा बसेर सम्भावित आक्रमणको प्रतिकारका लागि सतर्क थिए ।

नुवाकोटमाथि गोरखाली सेनाले तीनधारे, महामण्डल, धरमपानी र गेर्खुसमेत चार अलग-अलग मुखबाट आक्रमण गरेका थिए । ती अलग-अलग मोर्चाको नेतृत्त्व स्वयं राजा पृथ्वीनारायण शाह, काजी कालु पाँडे, चौतारा महोद्धमकीर्ति शाहसहितका सेनानायकले गरेका थिए । शंखमणिले गोरखाली सेनाविरुद्ध बहादुरीपूर्वक लडाइँ लडे, तर विजय गोरखाली सेनाको भयो । गोरखाली सेनाको कब्जामा आएका कान्तिपुरे सेनाका कमाण्डर शंखमणि रानाको शीर किशोर अवस्थाका पृथ्वीनारायण शाहका कान्छा भाइ १२ वर्षीय दलमर्दन शाहले गोरखा दरबारको जेठी तरवार चलाएर छिनाएपछि, विधिवत् नुवाकोट भूभाग गोरखा राज्यको अधीनमा भएको थियो ।

नुवाकोटमा गोरखालीको विजय भएको र आफ्ना छोरा मारिएको खबर पाएलगत्तै जयन्त राना मगर कान्तिपुरबाट फर्किए, उनी बेलकोटमा बसेर कान्तिपुरका राजा जयप्रकाश मल्लसँग सैनिक सहायता माग गरेर नुवाकोट फिर्ता गर्ने उद्योगमा लागे । महामण्डलबाट बेलकोट करिब सात किलोमिटर आसपासमा थियो । पृथ्वीनारायण शाहले जयन्त रानाको यो तयारीको समाचार थाहा पाएर अचानक बेलकोटमाथि आक्रमण गरिदिए । केही समयको युद्धपछि जयन्त रानापक्षका सैनिक गोरखाली सैनिकसँग युद्धमा टिक्न नसकी भागे, जयन्तलाई गोरखाली सैनिकले पक्राउ गरे । जयन्तसँग पृथ्वीनारायण शाह धेरै रिसाएका थिए । यिनलाई बन्दी बनाएर नुवाकोट लगियो र जीवितै शरीरका छाला काढ्न लगाएर नुन खुर्सानी दलेर कठोर यातना दिइयो, जयन्त रानाले धेरै समय तड्पीतड्पी कठोर वेदना सहन नसकेर प्राण त्यागे । नुवाकोटको देवीघाटमा मृत्युदण्ड दिएपछि जयन्तको शरीर जलाउन नदिई काग र गिद्धलाई खान दिइयो । विक्रमको १८औं शताब्दीताका पश्चिम नेपालका पहाडी राज्यका स-साना राज्यका राजाहरूले आफ्ना राज्यका विद्रोही सैनिक र विपक्षी राज्यका आफ्नो कब्जामा परेका सैनिकमाथि निक्कै निर्दयता लाद्ने गर्दथे । यही प्रचलनको सिको गरेर पृथ्वीनारायण शाहले त्यसबेला आफ्नो राज्यका पूर्वसेवक, सैनिकमाथि अत्यन्त निर्दयता प्रकट गरेका थिए ।

वि.सं.१८०१ असोज १५ गते गोरखाली सेनाले नुवाकोट विजय गरेको थियो । यो विजय नै आजको नेपाल एकीकरणको प्रारम्भ बिन्दु हो । यस विजय र नेपाल एकीकरणको थालनीमा काजी जयन्त र उनका छोरा सेनापति शंखमणिको कहालीलाग्दो बलिदानी इतिहासमा अविष्मरणीय छ ।

नुवाकोटमा पर्ने महामण्डल र बेलकोट विजयपछि गोरखाली विजयले थप निरन्तरता पाउन सक्यो । वि.सं. १८३१ माघ १ मा पृथ्वीनारायण शाहको देहान्त हुनुअघिसम्म गोरखाली सेनाले काठमाडौं उपत्यकाका तीन राज्य- कान्तिपुर, ललितपुर र भक्तपुरका साथै मकवानपुर, विजयपुर र चौदण्डीसमेतका राज्य जितेर वर्तमान नेपाल निर्माणको महत्त्वपूर्ण जग बसाल्न सफल भएको थियो ।

नेपाल एकीकरण अभियान जारी रहेको समयमा वि.सं. १८३१ को मंसिर-पुसमा पृथ्वीनारायण शाहको विमारी धेरै बढ्यो । शाहको शरीरमा खटिरा निस्कने र ती खटिराहरू पाकेर फुट्ने सिलसिला भइरह्यो । यसको निवारणमा तल्लीन काठमाडौंका नाम कमाएका राजवैद्यले हात झिकेपछि शाहलाई अन्तिम अवस्थाको खातिर नुवाकोटको त्रिशूली नदी र तादी नदीको दोभान देवीघाट पुर्याइयो । सम्भवतः पृथ्वीनारायण शाहलाई देवीघाटमा यसबेला ३० वर्षअघि असोजमा आफूले अत्यन्त यातना दिएर, निर्दयतापूर्वक मृत्युदण्ड दिएका काजी जयन्तको स्मरण हुन गयो होला । नुवाकोटको देवीघाटमा जीवनको अन्तिम क्षणमा पृथ्वीनारायण शाहले आफ्ना निकटका भाइभारदारसामु केही कुरा अभिव्यक्त गरेका थिए ।

पृथ्वीनारायण शाहबाट त्यसबेला अभिव्यक्त भएका कुराको संकलन असन केलटोलको पल्टनघर (काजी अभिमानसिंह बस्न्यातको निजी निवास) बाट उनका सन्तति बखतमानसिंह बस्न्यातमार्फत योगी नरहरिनाथ र बाबुराम आचार्यको तजविजमा 'दिव्योपदेश' नाममा प्रकाशन भएको छ । उक्त दिव्योपदेशमा पृथ्वीनारायण शाहले अभिव्यक्त गरेका आफ्नो कुल, परिवार, नुवाकोट विजय, जयन्त राना, उपत्यका विजय, सैन्य संगठन निर्माण र राजाले सैनिक वा सेवकलाई घरमा नमार्नु भन्ने अर्तीसहित अन्तिम अवस्थासम्मको अपूर्ण मनोकांक्षासमेत संकलित छन् । तीमध्ये शाहबाट अभिव्यक्त एक टीप्पणी यस्तो छ :

'पाडे बस्न्यात् पंथ भैयाद मंग्रलाई माराताप् दिदा आलोपालो पालो गरि षान दिनु. ई मेरा नुनगुनका स्वझा सेवक हुन्. ईनीहरूको जीव जान्या बिराम गर्‍याको भया पनि आफूले नमार्नु. बरु मारातप लियेर लडाञीमा झोसिदिनु र जिव जोगाई आयो भन्या बढिया भयो. मरिगयो भन्या आफूले मार्नु अर्कैबाट मारिदियाको बढिया हुन्छ. तब राजाले सेवकलाई घरमा नमार्नू.'

लाग्छ, पृथ्वीनारायण शाहको माथिको यो टीप्पणी उनको पश्चाताप हो, आफूबाट तीन दशकअघि हुन गएको निरीह सेवकमाथि आफैंले दिएको उदण्ड सजायको पछुतोभाव हो । आफैंले आफ्नो कब्जामा रहेको निरीह सेवकमाथि गरेको पश्चातापलाई स्मरण गराउनेगरी ५२ वर्षको उमेरमा शरीरभरि घाउ खटिराहरू आइरहनु र सोही घटनालाई स्मरण गराएर, सोही स्थलमा जीवन परित्याग गर्नुपर्ने अवस्था आउनु, सम्भवतः निरीहलाई शासकले दण्ड दिने र स्वयं शासकलाई चाहिँ दैवले दण्ड दिने रहेछन् भन्ने प्रमाण हो ।



**परम्परागत सीप सिक्दै** | भक्तपुरको पोटरी स्क्वायरमा माटाको भाँडा बनाउन सिक्दै महिला तथा बालिका । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# हुम्लाबाट जिल्ला बाहिर जान टिकटको समस्या

**सिमकोट (हुम्ला)**– यहाँका नागरिकलाई बर्सेनि जिल्ला बाहिर जानुपरे जहाजको टिकट पाउन समस्या हुने गरेको छ। हालसम्म राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्लाको सिमकोटबाट नेपालगञ्ज, सुर्खेत, फोखरा, बुटवललगायत सहर पुग्न समस्या हुने गरेको हो ।

रोजगारी तथा शिक्षाका लागि जिल्ला बाहिर रहेका नागरिक दसैं, तिहार मनाएर आफ्नो गन्तव्यमा जान सिमकोट विमानस्थल धाउने गरे पनि हुम्लामा सेवा दिँदै आएका निजी एयरलाइन्सले उडान कम गर्दा यात्रु मारमा परेका छन्। सीता, समिट र तारा एयरलाइन्सले दैनिक उडान नगर्दा यहाँका नागरिकलाई गन्तव्यसम्म पुग्न समस्या हुँदै आएको छ। तारा एयरले सोमबार, सीता र समिट एयरले साताको बुधबार एक दिनमात्रै उडान गर्दा अत्यावश्यक काम परेर जिल्ला बाहिर जान पनि नसकिएको स्थानीय बताउँछन् ।

नेपाल एयरलाइन्सले हप्तामा सोमबार र मंगलबार उडान गर्ने गरेका छ । बिहानैदेखि विमानस्थलमा लाइन लागे पनि टिकट पाउन मुस्किल भएको सर्वसाधरणको गुनासो छ ।

विमानस्थलमा भेटिएका सिमकोट गाउँपालिका-८ का जय कामीले छोरीको दुवै मिर्गौला फेल भएर उपचारका लागि बाहिर जिल्ला जान टिकटको खोजी गरिरहेको भन्दै बिरामीको मात्रै टिकट पाइएको गुनासो पोखे । जिल्ला अस्पतालले 'रिफर' गरेको कागज पेस गरेपछि मुस्किलले एउटा मात्र टिकट पाइएको उनले बताए । नेपाल एयरलाइन्सले सातामा दुई दिन हुने उडानमा चार जना जटिल समस्या भएका बिरामीलाई पहिलो प्राथमिकता दिएर टिकट उपलब्ध गराएको जिल्ला प्रशासन हुम्लाले जनाएको छ ।

पाल्पामा कृषि प्राविधिक विषय अध्ययन गर्दै आएका सिमकोट-२ ठेहेका सन्देश बोहराले अन्तिम परीक्षा दिन जानुपर्नेमा टिकट नपाउँदा समस्या भएको बताए । सुर्खेत र नेपालगञ्जबाट नियमित उडान गर्ने सहमति गरेका सीता, तारा र समिट एयरलाइन्सले उडान नगर्दा यात्रुलाई सास्ती हुने गरेको छ । *रासस*

# लोपोन्मुख जलचर जोगाउन राप्ती नदी सरसफाइ

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएर बग्ने राप्ती नदीमा सरसफाइ गरिएको छ । राप्ती नदी तटीय सरसफाइ अभियानले सोमबार भरतपुर महानगरपालिका-२२ स्थित पटिहानीबाट भरतपुर महानगरको अन्तिम बिन्दु गोलाघाटसम्मको नदी किनार सरसफाइ गरेको हो ।

नदी किनारमा मानवीय क्रियाकलाप बढ्दै गएपछि चेतना जगाउने उद्देश्यले सरसफाइ कार्यक्रम आयोजना गरिएको राप्ती सरसफाइ अभियानका संयोजक अपिल घिमिरेले जानकारी दिए । करिब ३० किलोमिटरको दूरीमा गरिएको सरसफाइमा करिब दुई हजार ८०० केजी फोहोर स..ंकलन गरिएको उनले बताए । सो क्रममा सिसा, प्लास्टिक, कपडा, बोटल, धातुलगायत २७ प्रकारका फोहोर भेटिएको जनाइएको छ ।

अभियानले नदी क्षेत्रबाट २५ हजार मेट्रिक टन फोहोर संकलन गरेर व्यवस्थापन गरेको उनले जानकारी दिए । फोहोर संकलन गर्न २१ हजार स्वयंसेवक खटिएको उनले बताए ।

राष्ट्रिय निकुञ्जसँग जोडिएर बग्ने यस नदी क्षेत्रमा लोपोन्मुख वन्यजन्तु, जलचरसमेत पाइन्छन्।



तर, मानवीय क्रियाकलापका कारण उनीहरूलाई असर परेको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख डा. गणेश पन्तले जानकारी दिए । 'यहाँ घडियाल गोही जालमा परेको पाइएको छ, मृगहरूले प्लास्टिक खाएको देखिन्छ, गैंडालगायत जनावरका खुट्टामा सिसा गाडिएको देखेका छौं,' उनले भने, 'प्लास्टिक तथा सिसाजन्य फोहोरका कारण वनस्पतिलाई समेत असर पर्ने देखिन्छ ।'

राप्ती नदीलाई संरक्षण गर्न मानवीय व्यवहारमा परिवर्तनसँगै कानुन निर्माण गर्नुपर्ने बताए । सरसफाइ कार्यक्रममा निकुञ्जका कर्मचारी, नेपाली सेना, मध्यवर्ती सामुदायिक वनका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, विद्यार्थीलगायतको सहभागिता थियो ।

# सामुदायिक वनभित्र खेती र मल उत्पादन

■ **अञ्जली थापा**

**हेटौंडा–** 'पशुपालन नगरे पनि मलको कमी छैन,' यहाँको मनहरी गाउँपालिका-७ की कृषक विमला राईले भनिन्, 'पहिले पशुपालन गर्दा अरू काम गर्नै भ्याउँदिन थिएँ । पशु नपालौं खेती गर्न मल धेरै चाहिने । अहिले त्यो समस्या छैन, ढुक्क छु ।'

हाल होटल व्यवसायसँगै खेती गरिरहेकी उनको आर्थिकस्तर पहिलेको तुलनामा सुध्रिएको छ । वनको छेउमै घर हुँदा तीन वर्षअघिसम्म हिउँद लागेपछि डढेलोले घर भेट्ला कि भन्ने चिन्ता हुन्थ्यो । छिमेकीको गोठमा आगो लागेपछि निकै रातसम्म अनिँदो बसेको उनले बिर्सिएकी छैनन् ।

यी समस्याका समाधान खोज्ने क्रममा वन समूहले पत्करबाट मल उत्पादन गर्न थालेपछि डढेलो लाग्न छोडेको उनी बताउँछिन् । उनी वन समूहको आयआर्जन समूहमा पनि आबद्ध छिन् । आयआर्जन कार्यक्रममा 'ग्रिन फाउन्डेसन नेपाल' (जिएफएन) नामक संस्थाले सहयोग गरिरहेको छ ।

सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरिता ब्लोन पनि वनमा गरिएको कागती, तेजपत्ता, अम्रिसोखेतीले आम्दानी गर्न सहज भएको बताउँछिन् । उनी भन्छिन्, 'पहिले वन संरक्षण मात्र गर्ने होजस्तो लाग्थ्यो तर यहाँ खेती पनि गर्न पाउँदा आम्दानीको स्रोत बनेको छ ।' उनले २० वटा बाख्रा पालेकी छन् । बाख्रालाई घाँस लिन टाढा जान पर्दैन । बाख्राबाट पनि आम्दानी भइरहेको उनको भनाइ छ ।

पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन मुनि रुख नभएका स्थानमा जडीबुटी र घाँसखेती गरेको छ । जिएफएनको सहयोगमा अदुवा, बेसार र सर्पगन्धाको खेती गरिरहेको समूहकी अध्यक्ष चम्पामाया परियारले जानकारी दिइन् । उनले भनिन्, 'यहाँ यसरी आम्दानी हुन्छ जस्तो लागेको थिएन, गर्दा नहुने केही रहेन छ ।' जडीबुटीसँगै यस वर्ष अदुवा पनि खेती गरिएको उनले बताइन् ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले मनहरी गाउँपालिकाका तीनवटा सामुदायिक वनमा खेती र मल उत्पादन गरिएको बताए । वनबाट समृद्ध बन्ने र जलवायु परिवर्तनको असर कम गर्ने अभियानअन्तर्गत यहाँका डिपार्ट सामुदायिक वन, पशुपति सामुदायिक वन र सुनाचुरी सामुदायिक वनले वनक्षेत्रभित्र खेती र मल उत्पादन गरिरहेको छ ।


वनमा आधारित ३७ उद्यमहरूलाई दिगो बनाउँदै बजारसँग जोडेर हरित उद्यम विकास गर्न सहयोग गरिरहेको जिएफएनका अध्यक्ष घनश्याम पाण्डेले बताए । उनका अनुसार जिएफएनले वनकरिया साबुन उद्योग, पिप्लेपोखरा सामुदायिव वनमा रहेको श्रमजीवी महिला काष्ठ हस्तकला, हेटौंडा-१२ मा कञ्चनजंघा गुन्द्रुक उद्योग, न्युरेनी सामुदायिक वनमा रहेको दुना टपरी उद्योग र थाहा नगरपालिकाको अल्लो उद्योगको उत्पादन र बजारीकरणमा सहयोग गरिरहेको छ ।

पानीका मुहान सुक्न थालेपछि मनहरी गाउँपालिकाका सामुदायिक वनहरूले पुनर्भरण (रिचार्ज) पोखरी निर्माणलाई प्राथमिकता दिएको छ । डिभिजन वन कार्यालय राप्ती मनहरीले डिभिजनअन्तर्गतका सामुदायिक वनमा मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माण गरिरहेको जनाएको छ ।

उपभोक्ताले दैनिक पिउने पानीका स्रोत सुक्दै जानु र वनमा जनावरहरूले पानी खान नपाउँदा समस्या भएकाले रिजार्च पोखरी निर्माणलाई प्राथमिकतामा राखिएको डिभिजन वन कार्यालयका अधिकृत गगन शर्माले बताए । गत आर्थिक वर्षमा सातवटा सामुदायिक वन समूहमा आठवटा रिजार्च पोखरी निर्माण गरिएका छन् ।

चुरे तथा सुक्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरेपश्चात् पानीको मुहान संरक्षण र वन्यजन्तुका लागि पानीको उपलब्धतामा सहज भएको छ । वन अधिकृत शर्माले भलबाढीका कारण पोखरी पुरिँदा थोरै समस्या हुने गरेको बताए । सामुदायिक वनमा जैविक विविधता संरक्षणका लागि वृक्षरोपण र संरक्षण गरिएको छ । लोपोन्मुख विजयसाल, सतिसाल, दार, चिउरी तथा बहुउपयोगी नीम रोपिएको छ । लोपोन्मुख वन्यजन्तु सालकको संरक्षणमा विशेष जोड दिइएको छ । *रासस*

# कैलाली-कञ्चनपुरमा आइपुगे साइबेरियाका चरा



**कञ्चनपुर (प्रस)–** उत्तरी ध्रुवमा चिसो बढेसँगै कञ्चनपुर-कैलालीका सिमसार क्षेत्रमा आगन्तुक चराको संख्या बढेको छ । साइबेरियालगायत क्षेत्रमा हिमपातसँगै चिसो बढेपछि सुरक्षित बासस्थान र आहारको खोजीमा चरा यहाँ आइपुगेका नेपाल पक्षी संरक्षण संघ (बिसिएन) का सदस्य हिरूलाल डगौराले बताए । कञ्चनपुर-कैलालीका सीमसार क्षेत्रमा मालक हाँस, हरियोटाउके हाँस, कालीजुरे हाँस, सुइरेपुच्छ्रे हाँस, खरखरे हाँस, कल हाँस, सुनजुरे हाँस, ठूलो जलेवा, चखेवालगायत चरा सिमसारमा आएका उनले बताए ।

विशेषगरी रूस, कीर्गिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजानलगायत क्षेत्रबाट आगन्तुक चरा चिसो छल्नका पुग्ने गरेको चराबारे जानकारी भएका डगौराले बताए।आगन्तुक चरा कैलालीको घोडाघोडी ताल, कर्णाली नदी क्षेत्र, कञ्चनपुरको पुरैनी ताल, कालिकिच सिमसार क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रका सलगौडी ताल, रानीताल, सिकारीताल, महाकाली, चौधर नदी क्षेत्रमा पुगेका उनले बताए ।


## कतारमा रोजगार

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम इजाजत नं. १२२४/०७४/०७५ | Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com


## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतको आशय सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०७/२९

यस कार्यालयबाट ठेक्का नं. REV/NCB/MAN-06/081-082 मिति २०८१/०६/२३ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको व्यापारिक तथा आर्थिक मूल्यांकन हुँदा तपशिल बोलपत्रदाताको अधिकतम मूल्यांकित रकम सारभूत रूपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा क २७ को उपदफा बमोजिम २ र सोहि दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना जारी गरिएको छ ।

तपशिलः-

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम रु. (मु.अ.कर. बाहेक) |
|---|---|---|---|---|
| १. | REV/NCB/MAN-06/081-082 | नदिजन्य पदार्थको बिक्री तथा वातावरण शुल्क शंकलन | बिएसआर-के एस डी-सन्ध्या जेभी हेटौडा मकवानपुर | ९,००,००,०००.००/- |

प्रमुख प्रशासकीय अधिकृत


## बहराइनमा रोजगार

कम्पनी : BLOWN AWAY SALON

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | LT. No. 313430 | चलानी नं.६०२२७८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAIL ART

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | LT. No. 313432 | चलानी नं.६०२२७८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ५३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Tech Doors Trading & Services WLL

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | LT. No. 313433 | चलानी नं.६०२२७८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 100 | ३५,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder | 5 | 0 | 120 | ४२,९८० | | | | | | | |

कम्पनी : KINGDOM PLASTIC PRODUCTS CO W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | LT. No. 313431 | चलानी नं.६०२२७८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 120 | ४२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Labors | 10 | 0 | 100 | ३५,८१५ | | | | | | | |
| 3 | Plastic Machine Operator | 5 | 0 | 150 | ५३,७२५ | | | | | | | |
| 4 | Printing Machine Operator | 2 | 0 | 150 | ५३,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Eminence Recruitment International Pvt Ltd

Govt. License No. 1569/079/80

Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com

## युएईमा रोजगार

कम्पनी : AL MADINA FRESH MART - LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/२८ | LT. No. 313579 | चलानी नं. ६०२२७९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier (Male) | 10 | 0 | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales-man | 10 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 3 | Stock Keepers | 10 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 4 | Worker/packer | 7 | 0 | 1200 | ४५,००० | | | | | | | |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिद्वारा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) गते बिहिबार नमस्ते जनप्रिय थकाली भान्साघर पोखरामा हुँदैछ। सम्पर्कः ९७०४५७५००३

कम्पनी : GOOD FIELD TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ | LT. No. 304084 | चलानी नं. ६०२१८८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 15 | 0 | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1250 | ४५,९३५ | | | | | | | |
| 4 | Steel Fixer | 15 | 0 | 1200 | ४५,००० | | | | | | | |

कम्पनी : JARS TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ | LT. No. 304083 | चलानी नं. ६०२१८८५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 13 | 0 | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 8 | 0 | 900 | ३३,०७५ | | | | | | | |
| 3 | Mason | 5 | 0 | 1250 | ४५,९३५ | | | | | | | |
| 4 | Steel Fixer | 9 | 0 | 1200 | ४५,००० | | | | | | | |

कम्पनी : MAYOON TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२८ | LT. No. 304220 | चलानी नं. ६०२१८९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 7 | 0 | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 900 | ३३,०७५ | | | | | | | |
| 3 | Mason | 13 | 0 | 1250 | ४५,९३५ | | | | | | | |
| 4 | Steel Fixer | 9 | 0 | 1200 | ४५,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FRONTLINE RECRUITMENT PVT.LTD.

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

प्रभाव दैनिक

बिहीबार, २९ कात्तिक २०८१ (Thursday, November 14, 2024)

## कमाईमा 'पूर्णबहादुरको सारंगी'को कीर्तिमान

फिल्म 'पूर्णबहादुरको सारंगी' सर्वाधिक कमाउने नेपाली फिल्म बनेको छ। फिल्मले प्रदर्शनको १३औँ दिन मंगलबारसम्म देशभर २५ करोड ४ लाख कमाएर नयाँ कीर्तिमान बनाएको हो। 'पूर्णबहादुरको सारंगी' ले यसअघि धेरै कमाउने फिल्म 'कबड्डी ४' को २३ करोड ५० लाखको कीर्तिमान तोडेको हो। वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले मंगलबारसम्म फिल्मले २५ करोड ४ लाख ग्रास कमाई गरेको जानकारी दिएको छ। कमाईको कीर्तिमानसँगै फिल्मले सर्वाधिक शो पाउने फिल्म पनि बनेको छ। फिल्म एकै दिन ४८० भन्दा बढी शो पाएको थियो।




# 'तेल भिसा'का लागि उत्साहित विपिन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता विपिन कार्की अभिनीत 'तेल भिसा' मंसिर ७ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ। फिल्मलाई लिएर अभिनेता विपिन कार्की निकै उत्साहित छन्। किनभने फिल्ममा उनले बाबु र छोराको गरी दोहोरो भूमिका निर्वाह गरेका छन्।

काठमाडौँमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा पनि विपिनले फिल्ममा दोहोरो भूमिका भएकोले आफ्ना लागि महत्वपूर्ण रहेको बताए। उनले दोहोरो चलचित्र अनुभव दुई फिल्म गरेजस्तो रहेको सुनाए।

'मलाई एउटा क्यारेक्टर गर्न नै एकदमै गाह्रो हुन्छ। दुईवटा क्यारेक्टरमा दुईटाजस्तो देखिन र त्यसमा विश्वास दिलाउनका लागि मिहिनेत त पर्छ नै', उनले भने, 'काम गर्दैजादा सजिलो भएपनि दोहोरो चरित्रले गर्दा दुईवटा फिल्म गरेजस्तो चाहिँ हुँदोरहेछ।' उनले फिल्ममा एउटा पार्ट अमेरिका अनि अर्को नेपालको रहेको खुलाए।

दोहोरो भूमिका दोहोरो पारिश्रमिक त होलानी ? उनलाई मिडियाको प्रश्न थियो। जवाफमा उनले दुईवटा चरित्र गर्ने कुरा फिल्ममा अनुबन्धित भइसकेपछि भएको बताए।'




फिल्मकी अभिनेत्री तथा निर्मात्री ऋचा घिमिरे विपिन एक करोड पारिश्रमिकका लागि पनि योग्य रहेको बताइन्। 'उहाँ अफस्क्रिन र अनस्क्रिन दुवैमा साह्रै सहज हुनुहुन्छ। हाम्रो अमेरिकाको सेड्युल 'टफ' थियो। उहाँले स्टारडमअनुसार व्यवहार गर्नुभएको भए हामीलाई गाह्रो हुन्थ्यो', घिमिरेले भनिन् 'उहाँ अभिनय र व्यवहारको हिसाबले ५० लाख मात्र होइन, एक करोड डिजर्भ गर्नुहुन्छ।'

कार्यक्रममा अभिनेत्री वर्षा राउतले फिल्म अभिनय अनुभव सबैसँग साटिन्।

# कमेडी सिरियल 'गज्जब छ बा' आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखान्त भुसाल निर्देशित कमेडी सिरियल हो 'गज्जब छ बा'। गाउँ, छरछिमेक र समाजका विभिन्न विषय सिरियलको कथा बनाइएको छ।

सिरियल मंसिरको पहिलो साताबाट प्रसारणमा आउने निर्देशक भुषालले जानकारी दिए। मंसिरको पहिलोसातादेखि लेखान्त अफिसियल युट्युबमा प्रसारणमा आउने सिरियलमा भुसालकै लेखन रहेको छ।

रामचन्द्र अधिकारी 'काजी बा', सविता गुरुङ (ठुली) धर्मराज भट्टराई, मुकुन्द मैनाली, विनम खडेल, लेखान्त भुसाल, सबिना आचार्य, रमेश बुढामगर, सबिन घिमिरे, रमेश वलि, गणेश सुवेदी, दीपक बोहरा, अनिल घर्ती, किशनबाबु बस्नेत लगायतका कलाकारको अभिनय सिरियलमा देख्न सकिनेछ।

सिरियल प्रसारणका लागि अहिलेस्म्म ४ भागसम्म सुटिङ सकिएको छ। सिरियलमा शिव विकको छायांकन, सन्दीप चौधरीको सम्पादन रहेनछ।

विनय कार्कीको संगीत रहेको सिरयिल समाजको विकृति र विसंगति खेलाउँदै त्यसको विषयमा चेतना प्रवाह गर्न निर्माण गरिएको निर्देशक भुषाल बताउँछन्।

# पोखरा र बुटवलमा गुञ्जँदै कालीप्रसाद

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालका चर्चित संगीतकार तथा गायक कालीप्रसाद बासकोटा आफ्नो सांगीतिक करियर १५ वर्ष पुगेको अवसर पारेर पोखरा र बुटवलमा गुञ्जने भएका छन्। नवीन शैलीका गीत गाउन र तयार पार्न रुचाउने कालीप्रसाद आफ्नो व्याण्ड साथीभाइसहित पोखरा र बुटवलमा गुञ्जन लागेका हुन्।

काली र उनको व्याण्ड साथीभाई यही शुक्रबार पोखराको लेकसाइडमा अवस्थित किङ्स लन्ज पोखरामा सांगीतिक प्रस्तुती दिँदैछन्। यहाँ उनीहरूको व्याण्डको तेस्रो प्रस्तुती हुनेछ। किङ्स लाउन्ज पोखराले कालीका फ्यानहरूबाट उनलाई पुनः सुन्ने चाहना राखेपछि काली र उनको व्याण्डको कार्यक्रम राखिएको जनाएको छ।

काली र उनको व्याण्डले पोखरापछि शनिबार बुटवलको द कन्सेप्ट क्लब एण्ड पबमा आफूलाई प्रस्तुत गर्नेछ। पोखरा र बुटवलमा काली र उनको व्याण्डले उनले 'निर जहिल्यै रिसाउनी', 'अजम्बरी लाउला पिरती', 'माया रैछ र भर रैछ नि' र 'जीवन जात्रा हो' लगायतका लोकप्रिय गीत सुनाउनेछन्।

पोखरा र बुटवलपछि काली र उनको व्याण्डले निकट भविष्यमै सुनसरी, झापा, चितवनलगायतका स्थानमा आफूलाई गुञ्जाउँदैछन्। यसअघि उनीहरूले काठमाडौंसहित ललितपुर, मोरङ, सुनसरी, धनकुटा र भोजपुरमा प्रस्तुती दिइसकेका छन्।

'यो टुरले मेरो व्यक्तिगत उपलब्धिलाई मात्र उत्सवका रूपमा मनाउँदै छैन, यसले नेपाली संगीतको वृत्ति विकासलाई पनि उजागर गर्नेछ। हाम्रो टुरले फ्यानमाझ पुराना र नयाँ गीत पस्कनेसँगै मेरो यात्रा, करियर, गीत सिर्जनाका अविष्मरणीय क्षणलाई दर्शकमाझ प्रस्तुत गर्नेछ', काली भन्छन्।

कालीप्रसादको नेपाल टुरको व्यवस्थापन पीभीई नेटवर्कले गर्नेछ। नेटवर्कले चार वर्षदेखि काली र उनको व्याण्डको व्यवस्थापन हेर्दै आएको छ।

'आफ्नो नवीन शैलीका लागि परिचित कालीप्रसादले नेपाली सम्पदाका समृद्ध तत्वहरूसँग समसामयिक ध्वनिहरू मिसाएर नेपाली फिल्मका संगीतलाई पुनः आकार दिएका छन्। उहाँका गीत परिवारदेखि समाज हुँदै राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा लोकप्रिय छन्। उहाँको १५ वर्षे करियरको उत्सवमा हातेमालो गर्न पाउँदा हामी उत्साहित छौं', पीभीई नेटवकका विकेश कायस्थ भन्छन्।



**महिला यु-१९ विश्वकप एसिया छनोट**

# नेपाल पहिलोपटक विश्वकपमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** युएईविरुद्धको ठूलो अन्तरले जित्नैपर्ने बाध्यतासहितको खेलमा शानदार जित हात पार्दै नेपाली यु-१९ महिला क्रिकेट टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट भएको छ।

युनाइटेड अरब इमिरेट्स (युएई) मा भएको आइसिसी यु-१९ महिला टि-२० विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई ८ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको हो।

युएईको अजमानस्थित द सेभेन स्टेडियममा आज टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोली युएईले ८४ रनको लक्ष्य दिएको थियो। जवाफी ब्याटिङमा उत्रिएको नेपालले १४ दशमलव ४ ओभरमा २ विकेटको क्षतिमा उक्त लक्ष्य पूरा गऱ्यो।

नेपालका लागि साना प्रवीणले सर्वाधिक ३५ रन बनाइन्। कप्तान पूजा महतोले १८ बलमा ४ चौकाको मद्दतले २१ रन बनाइन्। त्यस्तै, सोनी पाखीनले १३ तथा सावित्री धामीले १२ रनको योगदान दिइन्। नेपालले अतिरिक्त ५ रन प्राप्त गऱ्यो। युएईका लागि मेहक ठाकुरले दुई विकेट लिइन्। त्यसअघि, घरेलु टोली युएईले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८३ रन बनाएको थियो।

युएईका लागि समाइरा धरनिधर्कले सर्वाधिक ३१ रन बनाइन्। उनले ४८ बलमा एक चौकाको मद्दतले ३१ रन बनाएकी हुन्। यस्तै, रिनिता राजितले १८ बलमा दुई चौकाको मद्दतले २० रन बनाइन्। युएईका लागि लावन्या केनी र इन्धुजा नन्दकुमारले समान दश/दश रनको योगदान दिए।

त्यस्तै, आयुषी महेशले तीन र अवनी सुनिल पाटिलले एक रन बनाए। युएईका एमिली थोमस, मेहक ठाकुर, अल मसीरा जहाँगीर, इशिता राजित र नेहा कुमारीले एक रन पनि जोड्न सकेनन्। युएईले अतिरिक्त ८ रन प्राप्त गऱ्यो। नेपालका लागि कृश्मा गुरुङले सर्वाधिक ४ विकेट लिइन्। त्यस्तै, रिया शर्मा र सीमा केसीले समान दुई/दुई विकेट लिए भने रचनाकुमारी चौधरीले एक विकेट लिइन्।

यही कात्तिक २१ गतेदेखि सुरु भएको एसिया छनोटमा नेपालले यसअघि पाँचमध्ये चार खेलमा जित हासिल गरेको थियो भने एक खेलमा पराजित भएको थियो।

प्रतियोगिताको पहिलो खेलमा नेपालले थाइल्याण्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो। दोस्रोमा नेपालले कुवेतलाई एक सय आठ रनले हराएको थियो।

तेस्रो खेलमा नेपालले घरेलु टोली युएईसँग प्रतिस्पर्धा गरेको थियो। उक्त खेलमा १३ रनले पराजित भएको थियो। आइतबार भएको चौथो खेलमा नेपालले थाइल्याण्डलाई एक सय छ रन र मंगलबार भएको पाँचौं खेलमा कुवेतलाई एक सय ६५ रनको फराकिलो अन्तरले पराजित गरेको थियो। जितसँगै नेपालले सन् २०२५ मा मलेसियामा हुने आइसिसी यु-१९ महिला टी २० विश्वकपका लागि छनोट भएको छ।

### प्रधानमन्त्रीले दिए बधाई

प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो पटक विश्वकपमा छनोट भएको यु-१९ महिला क्रिकेट टोलीलाई बधाई ज्ञापन गरेका छन्। प्रधानमन्त्री ओलीले सामाजिक सञ्चालमार्फत भनेका छन्, 'महिला क्रिकेटमा नेपालले पहिलो पटक विश्वकप खेल्नेछ बधाई टिम नेपाल।'

बिहीबार संयुक्त अरब इमिरेट्स (युएई) को अजमानमा भएको खेलमा आयोजक युएईमाथि आठ विकेटको ऐतिहासिक जीत निकाल्दै नेपाल विश्वकपका लागि छनोट भएको हो। नेपालले ६ खेलबाट १० अंक जोड्दै विश्वकपमा स्थान बनाएको हो। त्यस्तै युएईले पनि समान खेलबाट समान १० अंक जोडे पनि नेपाल नेट रनरेटमा अगाडि रहँदै विश्वकपमा स्थान बनाउन सफल भयो। यु-१९ विश्वकप क्रिकेट अर्को वर्ष मलेसियामा आयोजना हुँदैछ।

विश्वकपका साथै नेपाल यु-१९ एसिया कपका लागि पनि छनोट भएको छ। आगामी डिसेम्बरमा हुने यु-१९ महिला एसिया कपका लागिसमेत नेपाल छनोट भएको हो। यु-१९ एसिया कप क्रिकेटमा नेपालसहित ६ राष्ट्रको सहभागिता रहनेछ। उक्त प्रतियोगितामा नेपालसँगै पाकिस्तान, भारत श्रीलंका, बंगलादेश र मलेसिया सहभागी हुनेछन्।

# नेपाल पहिलो खेलमा ताजिकिस्तानसँग पराजित



**काठमाडौं (प्रस)–**नेपालले पहिलो मैत्रीपूर्ण खेलमा घरेलु टोली ताजिकिस्तानसँग फराकिलो हार बेहोरेको छ। सेन्ट्रल स्टेडियम, डुसान्बेमा बुधबार भएको खेलमा ताजिकिस्तानले पाहुना टोलीलाई ४-० ले हराएको हो। ताजिकिस्तानका शेर्भोनी माबत्शोएव र मनुचेखर जालिलोभले समान दुई गोल गरे। फिफा वरीयता ७१ स्थानमाथिको ताजिकस्तानविरूद्ध नेपाल चौथोपल्ट मैदान उत्रिएको हो।

यसअघि सन् २०१७ मा एसिया कप छनोटअन्तर्गत भएको दुई खेलमा नेपाल ३-० र २-१ ले पराजित भएको थियो। त्यस्तै अर्को वर्ष भएको मैत्रीपूर्ण खेलमा पनि ताजिकिस्तान २-० ले विजयी भएको थियो। नेपालले अब शनिबार अफगानिस्तानसँग दोस्रो खेल खेल्नेछ।

## पदक विजेतालाई विमानस्थलमा स्वागत

**काठमाडौं (प्रस)–** नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघले १५ औँ वर्ल्ड बडिबिल्डिङ एन्ड फिजिक स्पोर्ट्स च्याम्पियन्सिपका पदक विजेता खेलाडीसहितको टोलीलाई बुधबार स्वागत गरेको छ। टोलीलाई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि विभिन्न स्थानमा नगर परिक्रमा पनि गराइएको थियो।

माल्दिभ्समा कात्तिक २० गतेदेखि २५ गतेसम्म भएको प्रतियोगितामा ४ खेलाडीले नेपाललाई पदक दिलाएका थिए। चारैले रजत पदक जितेको महासंघका सचिव दिनेश राजभण्डारीले जनाएका छन्। छ खेलाडीले सहभागिता जनाएका थिए। ललित धिमाल र रन्जित आचार्यले पनि प्रतिस्पर्धा गरेका थिए।

विश्व बडिबिल्डिङ एन्ड फिजिक स्पोर्ट्स फेडरेसन्ससँगको सहकार्यमा बडिबिल्डिङ एसोसिएसन अफ माल्दिभ्सद्वारा आयोजित प्रतियोगितामा रुजेश शाहीले पुरुष ६० केजी, प्रज्ज्वलमान शाक्यले पुरुष मास्टर्स ४० वर्षमाथि, रजनी श्रेष्ठले महिला ५५ केजीमाथि तथा सनम मुलगुठीले महिला वान पिस स्विमसुटमा रजत जितेका थिए।

# राष्ट्रसंघका आणविक प्रमुख इरानमा



**तेहरान–** अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए) का प्रमुख राफेल ग्रोसीले इरानको आणविक कार्यक्रमबारे महत्त्वपूर्ण वार्ताका लागि बुधबार तेहरान प्रस्थान गरेका छन् । इरानको क्षेत्रीय शत्रु इजरायलका रक्षामन्त्रीले इस्लामिक गणतन्त्र इरानको आणविक केन्द्रहरूमा आक्रमण गर्ने कुरा पहिलेभन्दा बढी उजागर भएको चेतावनी दिएको दुई दिनपछि उनको यो भ्रमण हुन लागेको हो ।

इरानले लामो समयदेखि आणविक हतियार निर्माण गर्न खोजेको आरोप इजरायलले लगाउँदै आएको छ । गाजामा हमास र लेबनानको हिजबुल्लाहसँग इजरायलको युद्धलाई लिएर तनाव बढिरहेका बेला यी दुई देशले यस वर्ष क्षेप्यास्त्र आक्रमण गरेका हुन् । यस आक्रमणले उनीहरूको वर्षौं लामो छायाँ युद्धलाई सतहमा ल्याएको छ र मध्यपूर्वमा व्यापक द्वन्द्वको डरलाई बढावा दिएको छ । ग्रोसीले आफ्नो भ्रमणअघि एएफपीसँगको अन्तर्वार्तामा भने, 'कूटनीतिक समाधानका उपाय खोज्नु अत्यावश्यक छ ।'

आइएइएलाई इरानमा निरीक्षण गर्न अनुमति दिइएको भएता पनि ग्रोसीले इरानको आणविक कार्यक्रमको परिमाण र महत्त्वाकांक्षालाई ध्यानमा राख्दै यसको 'अधिक अनुगमन' को आवश्यकतामा जोड दिए । 'उनीहरूसँग धेरै आणविक सामग्री छन् जुन अन्ततः आणविक हतियार बनाउन प्रयोग गर्न सकिन्छ,' आइएइए प्रमुखले सिएनएनसँग भने, 'उनीहरूसँग अहिले आणविक हतियार छैन ।' तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको कार्यकालमा सन् २०१५ मा इरानसँग भएको आणविक सम्झौताबाट सन् २०१८ मा पछि हटेका डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा पुनः निर्वाचित भएपछि ग्रोसीको यो भ्रमण हुन लागेको हो ।

ट्रम्पले गत हप्ता इरानलाई हानि पुर्‍याउन नचाहेको बरु त्यहाँका जनतासँग 'निकै सफल देश' होस् भन्ने चाहेको बताएका थिए । सन् २०१५ मा संयुक्त राज्य अमेरिकालगायत विश्वका प्रमुख शक्ति राष्ट्रहरूले इरानसँग २१ महिनाको वार्तापछि उसको आणविक कार्यक्रमबारे सम्झौता गरेका थिए । उक्त सम्झौतामा इरानले आणविक हतियार नखोज्ने ग्यारेन्टीको बदलामा इरानमाथिको अन्तर्राष्ट्रिय प्रतिबन्धलाई खुकुलो बनाउने व्यवस्था गरिएको थियो । तर ट्रम्पले सन् २०१८ मा सम्झौताबाट पछि हट्दै इरानमाथि पुनः अमेरिकी प्रतिबन्ध लगाएको घोषणा गरेका थिए ।

त्यसको एक वर्षपछि इरानले आणविक सम्झौताप्रतिको आफ्नो प्रतिबद्धतालाई क्रमशः फिर्ता लिन थाल्यो, जसले तेहरानलाई ३.६५ प्रतिशत शुद्धतामा युरेनियम संवर्धित गर्नमात्र अनुमति दियो । आइएइएकाअनुसार इरानले आफ्नो सम्वर्धित युरेनियमको भण्डार ६० प्रतिशत पुर्‍याएको छ, जुन आणविक बम बनाउन आवश्यक पर्ने ९० प्रतिशतको हाराहारीमा छ ।

यही पृष्ठभूमिमा ग्रोसीले मे महिनायता पहिलोपटक इरानको भ्रमण गर्न लागेका हुन् । आइएइएले एक विज्ञप्ति जारी गर्दै इरानी सरकारसँग उच्चस्तरीय बैठक गर्ने र सबै पक्षमा प्राविधिक छलफल गर्ने जनाएको छ । गत जुलाईमा पश्चिमा मुलुकसँगको सम्बन्ध सुधार्ने र प्रतिबन्ध फुकुवा हुने आशाका साथ सत्तामा आएका इरानका राष्ट्रपति मसूद पेजेस्कियान आणविक सम्झौताको पुनरुत्थानको पक्षमा छन् । *रासस/एएफपी*

# बेलायतले सन् २०३५ सम्ममा हरितगृह ग्यास उत्सर्जनमा ८१ प्रतिशतले कटौती गर्ने



